# परिच्छेद एक :

# परिचय

## १. अध्ययनको पृष्ठभूमि

अहिलेको युग भनको २१ औ शाताब्दिको युग हो । परापूर्व कालदेखि लिएर अहिलेको अवस्था सम्म नियाल्दा मानिस अन्य प्राणी भन्दा एक चेतनशील तथा भिन्न प्राणीको रुपमा स्थापित हुँदै आएकै कारण अन्य प्राणीको तुलनामा उसको जिम्मेवारी बढी हुनु पनि स्वभाविक नै हो । मानव सभ्यताको केन्द्र विन्दु शिक्षा हो । शिक्षाको विकास एउटा गतिशिल प्रक्रिया हो । शिक्षाको शुरुवात पहिला परिवारबाट भए पनि कलिला मानसिकता बोकेर आएका विद्यार्थीहरुको भविष्य कस्तो बनाउने भन्ने सम्पूर्ण जिम्मेवारी विद्यालय परिवारलाई रहेको हुन्छ । त्यसैले अध्ययन अध्यापनको क्रममा बालमैत्रीपूर्ण ढङ्गद्वारा उनीहरुको मनस्पटलमा चनचलता सिर्जना नहुने गरी पारिवारिक वातावरणमा शिक्षण सिकाइ गर्नु वर्तमान युगको अपरिहार्यता रहेको छ ।

समाजशास्त्रका पिता अगस्टे कम्टे (सन् १७९८-१८५७) का अनुसार समाज गतिशील र परिवर्तित हुन्छ र व्यक्तिले आफू समायोजन हुन सोही अनुसार प्रयास रत हुने गर्दछ । समाज एउटा सिङ्गो रूप हो । यसका विविध स्वरूपहरू हुन्छन् । समाज विभिन्न प्रक्रिया र उपप्रकृयाहरूको संयुक्त संग्रहित रूप हो (कुवेर शर्मा, २०६०) । समाज विकासका लागि समाज परिवर्तनको रूपमा रहेको शिक्षा र यसको विकास अनिवार्य शर्तको रूपमा रहेको पाइन्छ । द्वन्द्व शब्दको उत्तपत्ती ग्रीक भाषाको म्बबभिनय बाट बनेको हो । जसको अर्थ हुन्छ वाद विवाद वा कथोपकथन भन्ने हुन्छ । विकासको प्रक्रिया निरन्तर चलिरहन्छ प्रारम्भमा वाद र प्रतिवाद बीच संघर्ष चर्किन्छ तर अन्ततः यी दुवैमा समन्वय एवं सन्तुलन कायम हुन्छ र त्यो संवाद एवं संष्लेषणका रूपमा प्रकट हुन्छ । यो संवाद वाद र प्रतिवाद दुवैको समन्वयात्मक रूप भएकाले दुवै भन्दा उच्च स्थितिको हुन्छ तर विकासको प्रक्रिया यहिं रोकिंदैन कालन्तरमा यही सम्वाद वाद वन्दछ त्यस पछि वाद विवाद सम्वाद पुन सम्वादमा

रूपान्तरण हुँदै हरेक चक्र पछि अझ उच्चता ग्रहण गर्दै अनवरत रूपमा चलिरहन्छ, (पोखरेल, २०५६) ।

द्वन्द्व के हो र कसरी द्वन्द्वको सुरुवात हुन्छ भन्ने क्रममा हालसम्म त्यति धेरै खोज र अनुसन्धान हुन नसकेता पनि अहिलेसम्म  विभिन्न विद्वानहरुको खोज र अनुसन्धानबाट थाहा हुन आएको द्वन्द्व सम्बन्धी  केही परिभाषालाई यसरी प्रस्तुत गरिएको छ :

वि.सं. (१९५०) मा द्वन्द्वविद गिलिनले द्वन्द्वलाई यसरी प्रभाषित गरेका छन्  "द्वन्द्व त्यो सामाजिक प्रक्रिया हो जसमा व्यक्ति वा समुहले आफ्नो विरोधीका प्रतिहिंसा प्रतिरोध गरेर वा हिंसा गर्ने धम्कि दिएर आफ्नो उद्देश्यहरू पूर्ति गर्ने प्रयास गरिन्छ ।" त्यसै गरी अर्का विद्वान ग्रीन, (२०५६) का अनुसार- "द्वन्द्व जानी - बुझि गरेको त्यो प्रयत्न हो, जो अरू व्यक्ति वा व्यक्तिहरूको इच्छाको विरोध गर्न प्रतिरोध गर्न वा दवाउनका लागि गरिन्छ ।" भनेर उल्लेख गरिएको छ ।

यसरी माथि उल्लेखित परिभाषाको आधारमा विभिन्न व्यक्ति, समुह, समुदाय, समाज, संगठन, शैक्षिक संस्थामा आवद्ध व्यक्तिहरुबीच आफ्नो अधिकार प्राप्त गर्न, समाज तथा संघसंस्थामा आफ्नो नेतृत्व कायम राख्न वा प्राप्त गर्नको लागि गरिने कुनै पनि वादविवाद, कलह, झैझगडा, अन्तरसंघर्ष, प्रतिरोध जस्ता प्रतिक्रिया देखाउनु नै द्वन्द्व हो । वरिष्ट द्वन्द्वविद  जोहन गाल्टुङ्ग (१९९६) को द्वन्द्व जीवन हो र जीवन द्वन्द्व हो भन्ने जस्ता भनाइबाट यो प्रष्ट हुन्छ कि द्वन्द्व कुनै एक स्थानमा मात्र नभएर घरपरिवा, शैक्षिकस्थल, राजनीतिक स्थल लगायत सर्वत्र ठाउँमा हुने गर्दछ, हुनु पनि पर्दछ भन्ने भनाइलाई स्पष्ट पारेको छ ।

विद्यालय समाजमा स्थापित शैक्षिक संस्था हो जसले समाजका प्रत्येक नागरिकलाई अन्धकारमय वातावरणलाई हटाएर प्रकाशमय वातावरणको सृजना गर्न लागि परेको हुन्छ । विद्यालय विभिन्न समुदाय, जातजाति, धर्म, लिङ्ग, वर्गका शिक्षक तथा विद्यार्थीहरुको जमघट भएको हुन्छ । त्यसै गरि कोइरालाई विघ्नाथ, (२०५८)का अनुसार विद्यालयमा

उदार पद्धति हुन्छ, विद्यालयमा सांगठनिक संस्कार/संस्कृति हुन्छ भनेर उल्लेख गरिएको छ ।

**द्वन्द्व व्यवस्थापन**

द्वन्द्वको अवस्थलाई हेर्दा कुनै पनि संघसंस्था, राजनीतिक क्षेत्र, शैक्षिक क्षेत्र तथा संगठनमा प्रत्यक्ष तथा परोक्ष रुपमा द्वन्द्व हुने गरेको पाइन्छ । द्वन्द्व यो अवस्थासम्म पुग्नु हुँदैन जसको कारण मानव अस्तित्वकै लोप भएर जाने अवस्था सिर्जना होस् । सबैखाले द्वन्द्व पूर्णरुपमा समाप्त हुन्छन भन्ने पनि छैन र हुन पनि सक्दैनन् । कुनै पनि संस्था तथा शैक्षिक स्थलहरुमा देखिएको द्वन्द्वलाई सकेसमम व्यवस्थापन गरेर त्यसबाट पर्न जाने नकारात्मक प्रभावलाई रोक्नु भने कुनै पनि संघ संस्था तथा संगठनको दायित्व नै हुन जान्छ । अझ सरल भाषामा भन्ने हो भने द्वन्द्व व्यवस्थापन भन्नाले द्वन्द्वको तत्कालिन अवस्थाको सुधार गर्ने प्रक्रिया हो जुन द्वन्द्वको कारण पत्तालगाई निराकरणको दिशामा केन्द्रित रहनु हो । तसर्थ द्वन्द्व व्यवस्थापन द्वन्द्व समाधानको एक अपरिहार्य तत्व हो । द्वन्द्व व्यवस्थापनको यिनै कुराहरुलाई दृष्टिगत गर्दै "विद्यालयमा शिक्षक र विद्यार्थी बीचको द्वन्द्व व्यवस्थापन" नामक शीर्षक चयन गरि अध्यन एवम् अनुसन्धान गरिएको छ ।

**१.२ समस्याको कथन**

सरकारले प्रत्येक वर्ष शिक्षा क्षेत्रमा ठूलो धनराशी लगानी गरेको छ । डब्लु. एच. ओ, युनिसेफ, युनेस्को, सेभ द चिल्ड्रेन जस्ता संस्थाहरु र फ्रिन्ल्याण्ड, डेनमार्क आदि राष्ट्रहरुले पनि विद्यालयको शैक्षिक गुणस्तर वृद्धिका लागि तथा शिक्षकलाई तालिम, छात्रवृत्ति ( दलित, जनजाति, महिला) का लागि ठूलो धनराशी सहयोग गर्दै आएको छ । यति हुँदा हुँदै पनि विद्यालयमा शिक्षाको गुणस्तर सन्तोष जनक हुन नसकिरहेको अवस्था छ । यसो हुनुमा सासमुदायिक विद्यालयहरुमा स्पष्ट नीति नियमको अभाव, उदार कक्षान्नोतिको प्रभाव, विद्यालयमा देखा पर्दै गएको बढ्दो राजनीतिक प्रभाव, सामाजिक चेतनाको अभाव, शिक्षक तथा विद्यार्थीमा जातीय, लैङ्गिक, आर्थिक विभेद, सांस्कृतिक प्रभाव, भौगोलिक अवस्थिति जस्ता कारणहरुले विद्यालयमा द्वन्द्वको अवस्था सिर्जना हुनगई शिक्षाको गुणस्तर खस्कदै

गएको पाइन्छ । यसरी विद्यालयमा द्वन्द्वको सिर्जना हुनुमा  शिक्षक-शिक्षक, विद्यार्थी-शिक्षक, वि.प्र. -शिक्षक, विद्यालय व्यवस्थापन समिति-विद्यालय प्रशासन, शिक्षक-विद्यालय व्य.स., शिक्षक अभिभावकसंघ बीचमा कुनै किसिमको फरक विचार वा मत भेद त छैन ? के शिक्षक र  विद्यार्थी बीचमा सुमधुर सम्बन्ध रहेको छ ? विद्यालयमा विद्यार्थी आन्दोलन, राजनैतिक हस्तक्षेप, लिङ्गीय भेदभाव परीक्षा प्रणाली जस्ता विविध समस्यका कारण विद्यार्थी र शिक्षक बीच मतभेद बढ्न गई द्वन्द्वको सिर्जना भएको त होइन ? के यसरी शिक्षक तथा विद्यार्थी बीच बढ्दै गएको द्वन्द्व लाई व्यवस्थापन गर्नु आवश्यक छैन ?  विद्यालय तहमा देखा पर्दै गएको बढ्दो मतभेद तथा द्वन्द्वात्मक रुपको कसरी न्यूनीकरण गर्न सकिन्छ ? भन्ने जस्ता विविध प्रश्नहरुलाई समास्यको कथनको रुपमा लिएर उत्तर खोजि विद्यालयमा देखा पर्दै गएको मतभेद तथा द्वन्द्वलाई व्यवस्थपन गर्न मद्दत पुगोस् भन्ने उद्देश्यले शिक्षक तथा विद्यार्थी बीचमा हुन जाने द्वन्द्व भित्र यो अध्ययन अनुसन्धानलाई केन्द्रित गरी विद्यालयमा शिक्षक तथा विद्यार्थी बीचको द्वन्द्व व्यवस्थापन नामक शीर्षक चयन गरि अध्ययन एवम् अनुसन्धान गरिएको छ ।

### १.३ अध्ययनको औचित्य

विद्यालय समाजमा स्थापित एक समामाजिक शैक्षिक संस्था हो । विद्यालयको उद्देश्य भनेको कलिलो मष्तिस्क भएका बालबालिकाहरुलाई स्वच्छ एवम् स्वस्थ्य पारिवारिक वातावरणमा शिक्षा प्रदान गर्नु हो । जसको लागि शिक्षक र विद्यार्थी बीच सुमधुर सम्बन्धको आवश्यक पर्दछ ।  विद्यालयको वातावरण, बालमैत्री शिक्षा, शिक्षकको शिक्षा प्रदान गर्ने शैली, विद्यार्थीहरुमा गरिने व्यवहार जस्ता कुराले उनीहरूको शैक्षिक अवसरमा प्रभाव पारेको हुन्छ । यसरी विद्यार्थीले सिक्ने ज्ञान, सीप, धारणा र सिकाउने प्रक्रियामा समेत शिक्षा शास्त्रीहरूको फरक फरक मत रहेको पाइन्छ । विद्यालयमा शिक्षक र विद्यार्थी बीचमा द्वन्द्वहुनुका प्रसस्त कारणहरु रहेका छन् जसले विद्यालयको उद्देश्य प्राप्तिमा सधैं प्रभाव पारिरहेको देखिन्छ । विद्यालयमा शिक्षक र विद्यार्थी बीच भएको द्वन्द्वलाई व्यस्थापन गर्न अतिआवश्यक छ त्यसैले विद्यालयमा शिक्षक र विद्यार्थी बीचको द्वन्द्व व्यवस्थापन नामक शीर्षक चयन गरि अध्ययन गर्नुको निम्नलिखित औचित्य रहेको छ :

क) द्वन्द्व व्यवस्थापनका रणनीति एवं सुझाव प्रदान गर्न सहयोग गर्न ।

ख) द्वन्द्वका स्रोत एवं क्षेत्र पहिचान गर्न सहयोग गर्न ।

ग) शैक्षिक क्षति कम गराउनका साथै शिक्षक र विद्यार्थी बीचको सुमधुर सम्बन्ध कायम गराउन विद्यालयलाई मद्दत गर्न ।

घ) विद्यालयमा रहेको द्वन्द्वलाई न्यूनीकरण गर्न सहयोग गर्न ।

यसरी माथि उल्लेखित बुँदाहरुलाई आधार बनाएर सामुदायिक विद्यालमा शिक्षक र विद्यार्थी बीचको द्वन्द्व व्यवस्थापन नामक शीर्षक चयन गरि अध्ययन गरिएको छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययन अनुसन्धानका निम्नलिखित उद्देश्यहरु रहेका छन् :

क) शिक्षक र विद्यार्थी बीच हुने द्वन्द्वको वर्तमान स्थिति पहिचान गर्ने ।

ख) शिक्षक र विद्यार्थी बीच द्वन्द्व व्यवस्थापनमा सरोकारवलाहरुको भूमिका को विश्लेषण गर्न ।

ग) द्वन्द्व व्यवस्थापन हुँदा र नहुँदा देखिने प्रभाव पत्ता लगाउने ।

घ) द्वन्द्व व्यवस्थापनका समस्या सम्बन्धमा सरोकारवलाहरुको धारणा पत्ता लगाउने ।

## १.५ शोध प्रश्नहरू/ अनुसन्धानात्मक प्रश्नहरू

“विद्यालयमा शिक्षक र विद्यार्थी बीचको द्वन्द्व व्यवस्थापन” नामक अध्ययन शीर्षकका लागिनिम्न लिखित शोधप्रश्नहरू रहेका छन् :

क) शिक्षक र विद्यार्थी बीच हुने द्वन्द्वको वर्तमान स्थिति कस्तो छ ?

ख) शिक्षक र विद्यार्थी बीच द्वन्द्व व्यवस्थापनमा सरोकारवलाहरुको भूमिका कस्तो छ ?

ग) द्वन्द्व व्यवस्थापन हुँदा र नहुँदा शिक्षक र विद्यार्थी बीच कस्तो प्रभाव पर्दछ ?

घ) द्वन्द्व व्यवस्थापनका समस्या सम्बन्धमा सरोकारवलाहरुको धारणा कस्तो रहेको छ ?

## १.६ अध्ययनको परिसिमा

कुनै पनि अध्ययन तथा अनुसन्धानलाई पूर्णता प्रदान गर्नका लागि सीमित साधन तथा स्रोतका कारण निश्चित सीमा भित्र रहेर अध्ययन गर्नु आवश्यक देखिन्छ । यस अध्ययन अनुसन्धानमा पनि अध्ययनलाई पूर्णता प्रदान गर्ने दृष्टिले निम्न लिखित सीमाभित्र रहेर अध्ययन गरिएको छ :

१. यो अध्ययन गोरखा जिल्लाको घ्याम्पेशाल स्रोतकेन्द्र अन्तर्गतका दुल्लभ उ.मा.वि., विन्द्रावती उ.मा.वि., सिद्धकाली मा.वि. र शैलपुत्री उ.मा.वि. मा सीमित रहेको छ ।

२. द्वन्द्व व्यवस्थापन अन्तर्गत विद्यालयमा शिक्षक र विद्यार्थी बीचमा हुने द्वन्द्वमा मात्र यो अध्ययन सीमित रहेको छ ।

४. श्रोत संकलनका लागि नमूनामा छनौटमा परेका विद्यालयहरुका अभिभावक, प्र.अ.,शिक्षक शिक्षिका, विद्यार्थी, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा अभिभावकलाई सूचनाको स्रोतका रुपमा लिइएको छ ।

# परिच्छेद दुई :

# सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

कुनै पनि सोधकर्ताले आफूले रोजेको विषयमा त्यस भन्दा पहिला गरिएका अनुसन्धानहरू लेखहरू, रचनाहरू, पुस्तिका, पत्रपत्रिका, प्रतिवेदन तथा सरकारी तथ्याङ्क तथा बुलेटिनहरूको अध्ययन गर्नुलाई पूर्व सहीत्यको पुनरावलोकन भनिन्छ । द्वन्द्व व्यवस्थापनको क्षेत्रमा प्रत्यक्ष रूपमा संलग्न रहि काम गर्ने संघसंस्था, शिक्षाविद र योजनाकारहरूले  समय समयमा विभिन्न माध्यमबाट आफ्ना धारणा तथा अध्ययन अनुसन्धान सम्बन्धी प्रतिवेदनहरू प्रकाशनमा ल्याउने गरेको पाइन्छ । शिक्षामा गुणस्तर कायम गर्नका लागि  शिक्षक तथा विद्यार्थी बीच सुमधुर सम्बन्ध हुनु पर्नेमा जोड दिएका छन् । द्वन्द्व व्यवस्थापनका लागि सरोकारवालाको भूमिका सम्बन्धमा प्रकाशित साहित्यको माध्यमबाट यो अध्ययन अनुसन्धाका लागि थप मार्ग दर्शन प्राप्त हुने हुँदा यस अध्ययन अनुसन्धानसँग सम्बन्धित विभिन्न पत्रपत्रिका, लेखरचना, बुद्धिजिवीहरूका भनाइलाई साहित्यको पुनारावलोकनको रूपमा अध्ययन गर्नुका साथै साहित्यको सैद्धान्तिक खाका तथा शैक्षिक उपादेयतालाई समावेश गरी व्याख्या एवम् विश्लेषण गरिएको छ ।

## २.२ सम्बन्धित साहित्यको पुनरावलोकन

यस अध्ययन अनुसन्धानसँग सम्बन्धित लेखरचना, पत्रपत्रिका, वुद्धिजिवीका भनाइहरूलाई सम्बन्धित साहित्यको पुनरावलोकनका रुपमा निम्नानुसार अध्ययन गरिएको छ :

गुरुङ, ( २०५८)ले द्वन्द्व पीडित बालबालिकालाई शैक्षिक व्यवस्थापन नामक शोध पत्रमा उल्लेख गरे अनुसार द्वन्द्व भनेको कुनै पनि व्यक्ति वा संस्थाले आफ्नो अधिकार कायम राख्न वा प्राप्त गर्नका लागि गरिने अन्तर संघर्ष हो, जसमा झै-झगडा, कलह, हिंसा र आतंक यतिसम्म पुग्छ भन्ने कुनै निश्चित बिन्दु रहेको हुँदैन । सकेसम्म द्वन्द्वको अवस्था आउन दिनै हुँदैन र आएमा पनि त्यसको समाधानको बाटो सम्बन्धित निकायले अपनाउनु पर्दछ भन्दै उहाँले शिक्षा क्षेत्रमा द्वन्द्वले नकरात्मक प्रभाव पार्न जाने कुरालाई उल्लेख गर्नु भएको छ ।

द्वन्द्व तथा कोलाहालपूर्ण वातावरण कै कारणले शिक्षक विद्यार्थी बीचको दुरी टाढीन पुगी पठन पाठन प्रक्रियामा बाधा पर्न जाने हुँदा द्वन्द्वबाट पिडित बालबालिकाहरुलाई पुन शान्त एवम् पारिवारिक वातावरणको सृजना गरेर शिक्षा प्रदान गुर्न पर्नेमा जोड दिइएको छ । यसरी  यो अध्ययन अनुसन्धानबाट विद्यालय तहमा शिक्षक र विद्यार्थी बीचको द्वन्द्व व्यवस्थापन नामक शीर्षकमा गरिएको यो अध्ययन अनुसन्धानलाई प्रत्यक्ष रूपमा सहयोग पुगेको थियो ।

रिजाल, (२०६७) ले विद्यालय तहमा द्वन्द्व व्यवस्थापन नामक शोधपत्रमा उल्लेख गरे अनुसार कुनै पनि क्षेत्रमा प्रत्यक्ष वा परोक्ष रूपमा द्वन्द्व भइरहेको हुन्छ, हुनु पनि पर्दछ तर द्वन्द्व यतिसम्म फैलिनु हुँदैन कि द्वन्द्वकै कारण मानिसको अस्तित्व नै समाप्त होस् । द्वन्द्वको प्रत्यक्ष प्रभाव विद्यालयमा पर्न जाने हुँदा शिक्षामा जति सुकै लगानी गरिए पनि विद्यालय भित्र हुने विवाद तथा झै झगडा चर्किंदै गएको खण्डमा गुणस्तरीय शिक्षा आर्जन हुन नसक्ने हुँदा सम्बन्धित निकाय तथा सरोकारवलाहरुले विद्यालय तहमा द्वन्द्व व्यवस्थापनका लागि उचित ध्यानाकर्षण गर्नु पर्ने कुरामा जोड दिनु भएको छ ।

कार्लमाक्स (१८१८-१८८३) लाई पौडेल (२०६४) ले उदृत गरे अनुसार द्वन्द्वात्मक भौतिक वादमा हेगेलको द्वन्द्ववाद र फायरवाजको भौतिकवाद मिलाएर नयाँ द्वन्द्वात्मक भौतिकवादी विचार प्रतिपादन गरे । उनले संसारको परिवर्तन कुनै पनि वस्तु भित्र हुने अन्तरविरोधले निर्धारण गर्दछ र यसैले वस्तुको परिवर्तन हुन्छ अर्थात् परिवर्तन सधैं द्वन्द्वात्मक हुन्छ भनि व्याख्या गरेका छन् । समाजको इतिहास घटनाको अव्यवस्थित थुप्रो नभई नियमति र क्रमबद्ध प्रक्रियाको रूपमा हेरिनु पर्दछ । उनले इतिहासलाई पनि उत्पादनको रूपमा आउने परिवर्तको आधारमा निम्न चरणमा बाँडेका छन्, जुन चरणलाई उत्पादनको रूपमा ब्याख्या समेत गरेका छन् । ती चरणहरूमा आदिम समाम्यवाद, दास युग, सामन्तवादी युग, पूजींवादी युग, समाजवादी युग र वैज्ञानिक साम्यवाद गरी विभाजन गरिएको पाइन्छ । यसरी समाज विकासको चरणमा द्वन्द्वको सिर्जना हुन्छ भनी उल्लेख गरिएको छ ।

अर्नोल्ड टोनिवि (१९३४-१९६१) लाई वाग्ले र कार्कि ( २०६१) ले उदृत गरे अनुसार हाँक र प्रतिक्रिया जस्ता अवधारणाको विकास गरे । कुनै पनि समाजले भौतिक वातारण वाह्य शत्रु तथा आन्तरिक शक्तिद्वारा हाँकको सामाना गर्नुपर्दछ । हाँकलाई जति दक्षतापूर्ण किसिमले सामाना गरिन्छ त्यहि रूपमा समाज अघि बढ्छ । साथै सही प्रतिक्रियाले समाज अघि बढ्दछ भनि उनी व्याख्या गर्दछन् । उनका अनुसार जनुसुकै सभ्यता, समाज संगठन र प्राणीले वृद्धि, मन्दता र नासको चक्रिय प्रक्रिया छुनैपर्दछ । यो सिद्धान्त अनुसार बलियो समाजको पतन निश्चित छ । कमजोर, फितलो एवम् लुरे समाज एकदिन पक्कै वृद्धिको उच्चतम चुचुरोमा पुग्ने निश्चित छ ( वाग्ले र कार्की, २०६१ः १२१) ।

चार्ल्स डार्विन (१९५९) को सामाजिक परिवर्तनको विकासवादी सिद्धान्त अनुसार सामाजिक परिवर्तनको लागि वातावरणसँग समायोजन गर्ने सामाजिक नियमलाई एकाकार गरिएमा परिवर्तन त्यहि अनुसार आउने गर्दछ । विकासवादीहरूले प्रारम्भमा सामाजिक परिवर्तनका लागि एकात्मक सिद्धान्त प्रतिपादन गरेका थिए । अहिले विकशित राष्ट्रलाई पछ्याउने क्रममा बहुलवादी सिद्धान्त अपनाएको पाइन्छ । यसको तात्पर्य सामाजिक परिवर्तनका विभिन्न किसिमका बाटाहरू छन् सामाजिक स्वरूप अनुसार फरक-फरक मार्ग अपनाउँदा परिवर्त उन्मुख हुन सकिन्छ भन्नु हो ।

कुसुम, (२०६३) अनुसार मानव विकासको क्रमसँगै द्वन्द्व विकास भएको हो । जहाँ दुई जना मान्छे हुन्छन् त्यहाँ मतभिन्नता अवश्यम्भावि हुन्छ, जहाँ मत भिन्नता हुन्छ त्यहाँ द्वन्द्व हुन्छ । फरक यत्ति हो द्वन्द्वको आकार कति ठूलो र कति सानो छ भन्ने हो । मानिसले मानिसकै लागि संठन निर्माण गर्दछ, जहाँ भिन्न धारणा र विचार एवम् सोचका मानिसहरूले कार्य गरिरहेका हुन्छन् । विचारमा र कार्यशैलीमा भिन्नता आउनासाथ वेमेल हुन्छ त्यो नै द्वन्द्व हो । संगठन भित्र द्वन्द्व हुनु सामान्य नियम हो । द्वन्द्व त्यति हदसम्म स्वीकार्य हुन्छ जुनहदसम्म संगठनमा त्यसले अनिष्ट गर्दैन । द्वन्द्वले असर पार्न थाल्नु अगावै यसलाई ब्यवस्थित गर्नु पर्दछ द्वन्द्व ज्यादै बढी वा कम हुँदा सांगठनिक कार्यक्षमता वा कार्य सम्पादनमा कमी हुने गर्दछ । त्यसैले संठन भित्र आवश्यक मात्राको द्वन्द्व हुनुपर्दछ । जसले कार्य सम्पादनमा सकरात्मक भूमिका देखाउँदछ । भन्ने कुरालाई उल्लेख गरिएको छ ।

प्रधान (२०६०) को विद्यालय र शिक्षक सिकाइमा शसस्त्र द्वन्द्वको प्रभाव नामक शोधपत्र अनुसार शिक्षण सिकाइमा सशस्त्र द्वन्दको प्रभाव देखिन्छ । युद्धग्रस्त क्षेत्रका विद्यालय भताभुङ्ग भएका छन् । विद्यालय छेवैमा गोली हानीएको छ । शिक्षक तथा विद्यार्थी अपहरण गरिएको छ । सशस्त्र मुठभेड भएका कारण बालिबालिकाहरुमा पढ्ने⁄ सिक्ने इच्छा घटेको । उनीहरु विद्यालय आउन डराउँछन् । शिक्षकप्रतिको विश्वास घटेको छ र बालबालिका बढी उत्तेजित भएका छन् भन्ने भनाईलाई उल्लेख गरिएको छ ।

सुवेदी, (२०६२) का अनुसार विद्यालय क्षेत्र द्वन्द्वबाट सर्वत्र प्रभावित भएको व्यहोरा वुझ्न सकिन्छ । उनका अनुसार बालबालिका र शिक्षकमा गरिने, अङ्ग भङ्ग हुने, अपहरण र वेपत्ता हुने, हजारौंको संख्यामा वेपत्ता पारिने (माओवादी र राज्य पक्ष दुवैबाट) घटना जाहेर गरिएको छ । हालसम्म द्वन्द्वका कारण ४२१ ले ज्यान गुमाएका, ४५८ अङ्ग भङ्ग भएका छन् । ज्यान गुमेका, राज्यपक्षले २३४ लाई पक्राउ गरेको, माओवादीले शिक्षक सहीत २९५२४ विद्यार्थीलाई अपहरण गरेको, शशस्त्र विद्रोहका कारण ४० हजार भन्दा बढी विस्थापित, (बाल मजदुर सरोकार केन्द्र, सिविन) भएको भेटिन्छ । त्यस्तै अनौपचारिक सेवा केन्द्र (इन्सेक) को तथ्याङ्क अनुसार १७२ राज्यबाट, १७९ माओवादीबाट गरी जम्मा ३४१ को मृत्यु भएको छ । यसरी राज्यपक्षबाट तयार पारिएको सबैका लागि शिक्षा राष्ट्रि कार्ययोजना (२००१-२०१५) लाई सफल वनाउन विशेष प्याकेज ल्याउन पर्ने देखिन्छ तर त्यसका लागि कुनै किसिमको रणनीति तयार नपारिएको कुरा शिक्षा मन्त्रालयका प्रवक्ता लवप्रसाद त्रिपाठी वताउँदछन् तर उक्त कार्यक्रम अब ल्याउन सकिने र संचालनमा रहेको स्पेसल निड चिल्ड्रेन कार्यक्रम कार्ययोजनामा रहेको र उक्त कार्यक्रम हिंसा पिडित बालबालिकाहरूका लागि समेत भएको शिक्षा विभागका निर्देशक रामस्वरूप सिन्हा बताउँदछन् । यसरी द्वन्द्वले प्रभावित पारिरहेका घटनाका कारण विद्यालय तहमा निर्माण हुने नीति नियम, प्रशासक, शिक्षक, वि.व्य.स. र विद्यार्थीहरू सबै प्रभावित हुन्छन् भन्ने कुरा नकार्न सकिंदैन । भन्ने कुरालाई उल्लेख गरिएको छ ।

सापकोटा, (२०५९)को “शैक्षिक संठनमा द्वन्द्व व्यवस्थापन गर्न नेतृत्वको भूमिका” नामक शीर्षकको एक विश्लेषणात्मक अध्ययनमा विद्यालयमा भौतिक व्यवस्थापन, विद्यार्थी व्यवस्थापन, शुल्क व्यवस्थापन, केन्द्रिकृत मूल्य मान्यता र संरचना, राजनैतिक हस्तक्षेप, प्रधानाध्यापकको पक्षपातपूर्ण निर्णय, व्यक्तित्व टकराव जस्ता द्वन्द्वका स्रोत र यसले पार्ने नकरात्मक प्रभावलाई घटाउन र शैक्षिक नेतृत्वले द्वन्द्व व्यवस्थापन सम्बन्धी शैद्धान्तिक र व्यवहारिक दुवै दृष्टिकोण अपनाएर द्वन्द्वरत पक्षका बीचमा साहासिक रूपले सकरात्मक सोचका आधारमा अघि बढ्दा सफलता प्राप्त हुने र द्वन्द्वको सही व्यस्थापन हुने कुराको व्याख्या गर्नु भएको छ जसलाई यस अध्ययन अनुसन्धानका लागि एक महत्वपूर्ण स्रोतका रुपमा लिन सकिन्छ ।

उप्रेति, (२०६२) का अनुसार द्वन्द्व विनाको समाज वा संगठन हुँदैन । संगठनमा देखिने द्वन्द्व हिंसात्मक र अहिंसात्मक दुवै हुन्छन् । हिंसात्मक द्वन्द्वले सामाजिक सद्भाव छिन्न भिन्न पार्दछ र सही व्यवस्थापन नभए समाज नै विखण्डन गराउँदछ । त्यसैले त्यसतर्फ सबै वर्ग सचेत हुनुपर्दछ । द्वन्द्वको अर्कोरूप अहिंसात्मक हुन्छ, जसले सामाजिक एवं सांगठनिक परिवर्तको शान्तिपूण बाटो अवलम्बन गर्दछ । यसको सही व्यवस्थापन हुँदा सकारात्मक एवं सुधारात्मक परिवर्तन हुन्छन् । भन्ने कुरालाई व्याख्या एवम् विश्लेषण गरिएको छ ।

कोइराला र श्रेष्ठ (२०५८) अनुसार संगठनमा हुने द्वन्द्वका कारणले व्यक्तिका कार्यक्षमता वा कार्यशन्तुष्टिमा प्रत्यक्ष रूपले प्रभाव पार्दछ । व्यक्तिगत प्रतिक्रियात्मक धारणामा समेत द्वन्द्वको प्रयोग र आवश्यकता स्वीकारीएको छ । द्वन्द्वका लागि द्वन्द्व नभई द्वन्द्व सुधारका लागि हुनुपर्दछ भनिएको छ । बेठीक ढंगले हुने द्वन्द्वलाई भने हटाउनु आवश्यक हुन्छ । द्वन्द्वको व्यवस्थापनका निम्ति द्वन्द्व त्याग्नु, द्वन्द्व निस्क्रिय बनाउनु, द्वन्द्व रोकथाम गर्नु, द्वन्द्वको सामना गर्नु जस्ता आधारभूत प्रक्रियाहरु उल्लेख गरेको पाइन्छ ।

ढकाल, (२०६७) को शिक्षक मासिम पत्रिकामा उदित लेख अनुसार विद्यालय तहमा कार्यरत शिक्षक, विद्यालय व्यवस्थापन पक्ष, नीति निर्माण तहबाट निर्मित नीति र यसको कार्यान्वयन, राष्ट्रिय र अन्तरराष्ट्रि परिवेश , शिक्षकहरूको पेशागत हक अधिकार, सुरक्षा,

प्राप्त गर्ने सेवा र सुविधा का साथै शिक्षकहरूको आवद्ध संगठन र राजनैतिक दलहरूसँगको निकटता जस्ता कुराले द्वन्द्व पैदा भई त्यसबाट शिक्षण सिकाइ क्रियाकलापमा पर्ने प्रभाव, शैक्षिक उपलब्धिमा ह्रास भएको र हुन सक्ने शैक्षिक क्षतीको राम्रो समिक्षा गर्नुका साथै आ-आफ्नो ढगंबाट भएगरेका गल्ति कमजोरी सुधारगरी सुधारमा जुटौ, एकले अर्कामा दोषारोपण नगरौं, जसले विद्यालय, समाज र राष्ट्रकै शैक्षिक उन्नती कायम गर्न सहयोग पुग्दछ भनि उल्लेख गरेको पाइन्छ ।

माथि उल्लेखित विभिन्न द्वन्द्व विद्, व्यवस्थापन विद्का लेख, रचना, साहित्य तथा शिक्षक मासिक पत्रिका, नेपाल पत्रिका का लेख रचनाको आधारमा विद्यालयमा शिक्षक र विद्यार्थी बीच द्वन्द्व व्यवस्थापन गर्न यो अध्ययन अनुसन्धानले थप सहयोग पुग्ने विश्वास गरिएको छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

विद्यालयमा शिक्षक र विद्यार्थी बीचको द्वन्द्व व्यवस्थापन नामक शीर्षक चयन गरी अध्ययन गर्न लागिएको यस शोधप्रस्तावना पत्रलाई गुणात्मक प्रकृतिको बनाउने उद्देश्यले शोध प्रस्तावनासँग सम्बन्धित विभिन्न सिद्धान्तहरु मध्ये जिरोज एल्टन मायोको मानव सम्बन्ध सिद्धान्तको बारेमा तल प्रस्तुत गरीएको छ ।

कुनै पनि संघ संस्था तथा संगठनमा काम गर्ने मानवीय स्रोतको प्रभावकारी सञ्चालन, व्यवस्थापन, परिचालनसँग सम्बन्धित विषयलाई मानव संसाधन व्यवस्थापन भनिन्छ । मानव सम्बन्ध सिद्धान्त सन् १९५०ताका प्रचलित सिद्धान्त हो । यस अगाडीका सिद्धान्तले संगठन र कार्यलाई यान्त्रिक दृष्टिकोणले हेरेको कारणले यो सिद्धान्तको सुरुवात भएको पाइन्छ । शास्त्रीय व्यवस्थापनले काम गर्ने ठाउँमा मेलमिलाप र उत्पादन कार्यकूशलतामा सन्तोषप्रद सुधार ल्याउन नसकेकोले व्यवहारिक व्यवस्थापनमा नयाँ नयाँ विचारहरु विकसित भएको पाइन्छ । कुनै पनि संगठनमा कार्य गर्नेहरुका बीच राम्रो मानव सम्बन्ध, समन्वय भएमा कार्य सम्पादन राम्रो, चाँडो, स्तरीय हुने र यसको विपरित मानव सम्बन्ध

राम्रो नभएमा कम गुणस्तरीय हुने कुराले धेरैलाई छुन गएको छ । यस सिद्धान्तलाई आन्तरिक व्यवहारको अध्ययन पनि भनिन्छ, (कोइराला, २०५९) ।

माथिका भनाईबाट मानव संसाधनको भूमिका महत्वपूर्ण रहन्छ भन्ने कुरा स्पष्ट भएकोले विद्यालयमा शिक्षक र विद्यार्थी बीचको द्वन्द्व व्यवस्थापन नामक यस शोध अध्ययनका लागि सैद्धान्तिक खाकाको रुपमा प्रयोग गरीएको छ ।

एल्टन मायो (१८८०-१९४९) मानव सम्बन्ध सिद्धान्तका सिद्धान्तकार हुन् । मानव सम्बन्ध सिद्धान्तले संगठन भित्र व्यक्तिहरुको व्यवहारलाई परिवर्तन गर्न जोड दिएको हुन्छ । मानव सम्बन्ध भन्नाले मानिसलाई सकरात्मक ढंगबाट मानिसको जस्तो व्यवहार गर्नु भन्ने बुझिन्छ । मानिसलाई संगठनको वस्तु वा अन्य कुनै सम्पत्तिको जस्तो रुपमा लिनु हुँदैन । कुनै पनि संगठनभित्र कुनै पनि व्यक्तिको उसको काम तथा योग्यता अनुसार उत्तीकै महत्व अस्तित्व रहेको हुन्छ भन्ने कुरालाई मानव सम्बन्ध सिद्धान्तले छर्लङ्ग पारेको छ । यसले सबै सामाजिक व्यक्तित्व अर्को व्यक्तित्वसँग पारस्पारिक सम्बन्ध हुने, सामाजिक विज्ञानहरुको अध्ययनमा विशेष जोड दिएको छ । यदि सबै व्यक्ति मिलेर उद्देश्यहरु पूर्ति गर्नुछ भने एकले अर्कालाई, सम्मान, मर्यादा राख्नुको साथै विश्वासको वातावरण सिर्जना गरीएको हुनुपर्दछ । यही नै मानव सम्बन्धको उत्प्रेरणागर्ने कला हो । जो व्यवस्थापकले बुझेर मात्र व्यवहार गर्दछ । जसको अनुभव र प्रयोग इनकार गर्न सकिंदैन, विद्यालयमा पनि शिक्षक-विद्यार्थी, बीचमा मानवीय सम्बन्ध स्थापना गर्न सकिएमा मात्र शिक्षक र विद्यार्थी बीचको बढ्दो द्वन्द्व व्यवस्थापन गर्न सकिन्छ ।

विद्यालयमा शिक्षक र विद्यार्थी बीचको द्वन्द्व व्यवस्थापन गर्नका निम्ति शिक्षक, प्र.अ., विद्यार्थी, अभिभावक कुनै एक पक्षले चाहेरमात्र हुँदैन सबै पक्षको बीचमा राम्रो समन्वय र सम्बन्ध हुनु आवश्यक छ । मानव संसाधन सम्बन्ध सिद्धान्त अनुसार विद्यालय र समुदायको बीच आपसी अन्तर सम्बन्ध राख्न सकेमा विद्यालयमा शिक्षक र विद्यार्थी बीच हुने द्वन्द्व व्यवस्थापनलाई राम्रोसँग अगाडी बढाउन सकिन्छ भन्ने मान्यता अनुसार यस सिद्धान्तलाई सैद्धान्तिक खाकाको रुपमा प्रयोग गरीएको छ ।

यसरी एउटा संगठन द्वन्द्वको सृजना वा द्वन्द्वको स्रोत विभिन्न हुन्छन् । यसको सही परिचालन गरी उचित र सही व्यवस्थापनका निम्ति व्यवस्थापनको मानवसम्बन्ध सिद्धान्तले तर्जुमा गरेको रणनीतिको छनौट गरी द्वन्द्वको सही व्यवस्थापन गर्न सकिन्छ भन्ने निस्कर्षमा पुगिन्छ । द्वन्द्वका स्रोत एवं सृजना र द्वन्द्वको समाधान दुवै द्वन्द्व व्यवस्थापनका दृष्टिकोणलाई उपयोगमा ल्याई द्वन्द्वलाई व्यवस्थापन गर्न उपयुक्त हुने कुरामा विश्वास गर्न सकिन्छ ।

## २.३ शैक्षिक उपादेयता

विद्यालयमा शिक्षक र विद्यार्थी बीचको द्वन्द्वव्यवस्थान शीर्षकमा तयार पार्न लागिएको यस शोध प्रस्तावनाले लिएको उद्देश्यलाई पूरा गराउने सन्दर्भमा पुनारावलोकन गरिएका समाज विकासका सिद्धान्त, द्वन्द्व सिद्धान्त, व्यवस्थापनका मानव सम्बन्ध सिद्धान्त र शिक्षाशास्त्रीहरूका शैक्षिक लेखहरूद्वारा प्राप्त ज्ञान र सूचनाले शोधकार्य सम्पन्न गराउँन मार्ग निर्देश गरेको छ । मुख्य मार्गदर्शक सिद्धान्तका रूपमा जिरो एल्टन मायो (१९८०-१९९४)को मानव सम्बन्ध र समन्वय सिद्धान्तलाई लिइएको छ । यसकै मार्ग निर्देशनमा द्वन्द्व व्यवस्थापन गर्न द्वन्द्वरत पक्ष बीच प्रारम्भमा नै सिधा सम्पर्क गर्ने, सम्पर्कलाई नियमित र पारस्पारिक गराउने कार्य सम्पन्न गर्ने निर्देशन प्राप्त छ । त्यस्तै द्वन्द्वको आधुनिक धारणा अनुसार यसलाई सकारात्मक र नकारात्मक रुपमा मात्र नबुझि प्रतिस्पर्धा, समझदारी र यथार्थ व्याख्या गर्न चाखमा आधारित तरिका, न्यायमा आधारित तरिका र शक्तिमा आधारित तरिका मध्ये द्वन्द्वको प्रकृति हेरी कुनै एक तरिकाबाट द्वन्द्वको उचित व्यवस्थापन गर्न सकिने उल्लेख गरिएका उल्लेखित साहित्य पुनरावलोकन कार्यले शोध कार्यको शोधप्रस्ताव तयारी देखि शोधपत्र तयार गर्दा सम्म सहयोग पुगेको थियो ।

## परिच्छेद तीन :

## अध्ययन विधि

### ३.१ अनुसन्धानको ढाँचा

कुनै पनि अध्ययन तथा अनुसन्धान कार्यका लागि निश्चित योजना नीति तथा रणनीतिको आवश्यकता पर्दछ । पूर्वयोजना वा पूर्व तयारी विना गरिने अनुसन्धानबाट निश्चित लक्ष सम्म पूग्न सकिंदैन । यो अनुसन्धान वर्णनात्मक प्रकृतिको भएको कारणले गर्दा यस अध्ययनको प्रमुख विद्यालयमा शिक्षक र विद्यार्थी बीचको द्वन्द्व व्यवस्थापनमा केन्द्रित भएकोले कार्यक्रम सञ्चालन प्रक्रियाको जानकारीहासिल गनु पर्ने हुन्छ । तसर्थ यस अनुसन्धान कार्यका लागि गुणात्मक ढाँचा अनुसारको शोध बिधि प्रयोग गरि अध्ययन अनुसन्धान गरिएको छ ।

### ३.२ जनसंख्या तथा नमूना छनौट प्रक्रिया

यस अध्ययनको लागि सम्भावना रहित नमुना छनौट विधि अर्न्तगत उद्देश्यमूलक नमुना छनौटको आधारमा विद्यालयहरूको छनौट गरिएको छ । गोरखा जिल्लाअर्न्तगतको घ्याम्पेशाल स्रोतकेन्द्रका ४० वटा विद्यालय मध्ये ४ वटा विद्यालयहरु श्री दुल्लभ उ.मा.वि. मसेल, विन्द्रावती उ.मा.वि., मसेल, शैलपुत्री उ.मा.वि. देउराली र सिद्धकाली मा.वि. तान्द्राङ्गलाई यस अध्ययनका अध्ययन क्षेत्रका रुपमा समावेश गरिएको छ । जसमा विद्यालयका प्र. अ., अन्य समुहका मानिसहरुलाई समेत अध्ययनको जनसंख्याको रुपमा लिइएको छ ।

अनुसन्धानको लागी निश्चित विद्यालयको विद्यालयमा शिक्षक र विद्यार्थी बीचको द्वन्द्व व्यवस्थापन नामक यस शोध अनुसन्धानको लागि सबै विद्यालयलाइ समेट्न वा समावेश गर्न कठिनाइको सामना गर्नु पर्ने भएकोले गोरखा जिल्ला, घ्याम्पेशाल स्रोतकेन्द्र अन्तर्गतका

४० विद्यालय मध्येका ४ वटा विद्यालयमा शिक्षक र विद्यार्थी बीचको द्वन्द्व व्यवस्थापन बारे अध्ययन गरिएको छ । उद्देश्यमूलक छनौट परेका ४ विद्यालयहरू बाट ४ जना प्र.अ., शिक्षक, विद्यार्थिहरू, विद्यालय व्यबस्थापन समितिका पदाधिकारी, अभिभावकलाई उद्देश्य मूलक नमुना छनौट विधिको आधारमा छनौट गरिएकोछ ।

**३.३ अध्ययनको साधनको निर्माण**

अध्ययन कार्यलाई पुर्ण रूपदिन निम्नानुसारका अध्ययनका साधनहरूको निर्माण गरी निम्न अनुसारका अध्ययनका साधनहरूको विश्वसनियता र वधैता स्थापित गर्ने प्रयास गरीनेछ ।

**क) अर्न्तवार्ता प्रश्नावली :**

यसअर्न्तगत छनोटमा परेका विद्यालयहरुका प्र.अ., शिक्षक, अभिावक, शिक्षक अभिभावक संघ, विद्यार्थीसँग शोधकर्ताको प्रत्यक्ष उपस्थितिमा अर्न्तवार्ता प्रश्नावालीको प्रयोगगरी आवश्यक जानकारीहरू सङ्कलन गरिनेछ ।

**ख) छलफल तथा अवलोकन**

यस अर्न्तगत शिक्षक र विद्यार्थी बीचको द्वन्द्व व्यवस्थापनको अवस्था, द्वन्द्वले पारेको प्रभाव, विद्यालयमा शिक्षक तथा विद्यार्थी बीच हुने द्वन्द्वका कारणहरु पत्ता लगाउनका लागि छनोटमा परेका सामुदजायिक विद्यालयहरुको विभिन्न अभिलेख, पत्रपत्रिकालाई आधार बनाइने छ ।

**३.४ तथ्याङ्क संकलनका स्रोतहरू**

यस अनुसन्धानका क्रममा आवश्यक तथ्याङ्क एवम् जानकारी सङ्कलन गर्नका लागि प्राथमिक र द्धितीय स्रोतको परिचालन गारिनेछ ।

**क) प्राथमिक स्रोत :**

यस अध्ययन तथा अनुसन्धानको क्रममा तथ्यङ्क सङ्ककलनको प्राथमिक स्रोतअर्न्तगत छलफल तथा प्रश्नावली विधिलाई आधार बनाइने छ । जसमा तथ्याङ्क सङ्कलनका लागि सोधकर्ताको प्रत्यक्ष उपस्थितिमा अन्तवार्ता प्रश्नावालीहरूका आधारमा तथ्याङ्क सङ्कलन गारिने छ ।

**ख) द्वितिय स्रोत :**

द्वितिय स्रोत अन्तर्गत अनुसन्धानसँग सम्बन्धीत विलायका अभिलेखहरू, पत्रपत्रिकाहरू, लेख रचनाहरू बुलेटिनहरू, प्रकाशित सोध-पत्रहरू एवम् सम्बन्धित प्रतिवेदनहरूलाई आधार मानि तथ्याङ्क सङ्कलन गरिनेछ ।

## ३.५ तथ्याङ्क सङ्कलन विधि

प्राथमिक सूचना संकलनका लागि छनोट गरिएका विद्यालयहरुका अभिभावक वि.व्य.स. का अध्यक्ष/प्र.अ., अभिभावक संघ, विद्यार्थीसँग प्रत्यक्ष भेट घाट गरी अर्न्तवार्ता प्रश्नावलीका आधारमा सूचना संकलन गरिनेछ । यस्तै गरी द्वितीय सूचना संकलनका लागि विभिन्न लेखहरू, पत्रपत्रिका, बुलेटिन, सोधपत्रहरू र सम्बन्धित विद्यालयका अभिलेख इ-मेल इन्टारनेटबाट सङ्कलन गरिएको छ ।

## ३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण

कुनै पनि अध्ययन तथा अनुसन्धानलाई पूर्णता प्रदान गर्नको लागि अध्ययनको क्रममा प्राप्त हुने सूचना तथा तथ्याङ्कलाई जस्ताको प्रयोग नगरी सम्बन्धित तथ्यांकलाई अध्ययन एवम् अनुसन्धान गरी प्राप्त तथ्यांकहरुको व्याख्या एवम् विश्लेषण गरिनेछ । तथ्याङ्क संकलन गर्न प्रयोग गरिएकमा अनुसन्धानात्मक साधन र प्राप्त तथ्याङ्कको स्वरूपको आधारमा तथ्याङ्कहरूलाई गुणात्मक तरीकाले विशलेषण गरिने छ । तथ्यांकको विश्लेषणको क्रममा उपलब्ध तथ्याङ्कलाई आवश्यकता अनुसार परीमार्जन गरी वर्णनात्मक तरीकाले व्याख्या एवम् विश्लेषण गरिएको छ ।

# परिच्छेद चार :

# तथ्याङ्कको व्याख्या र विश्लेषण

कुनै पनि अध्ययन अनुसन्धानलाई पूर्णता प्रदान गर्नका लागि छनोटमा परेको अध्ययन स्थलमा विभिन्न छलफल, अन्तरवार्ता तथा अवलोकन विधिबाट प्राप्त गरिएका नतिजाहरुको सही र समुचित ढङ्गले व्याख्या एवम् विश्लेषण गर्नु अनिवार्य हुन्छ । विद्यालयमा शिक्षिक र विद्यार्थी बीच द्वन्द्व व्यवस्थापन शीर्षकको यस अध्ययनलाई पूर्णता प्रदान गर्ने दृष्टिकोणले गोरखा जिल्ला घ्याम्पेशाल स्रोतकेन्द्र अन्तर्गत श्री दुल्लभ उ.मा.वि. मसेल, विन्द्रावती उ.मा.वि. मसेल, शैलपुत्री उ.मा.वि. देउराली सिद्धकाली मा.वि. तान्द्राङ्ग गरी जम्मा ४ वटा विद्यालयलाई समेटेर अध्ययन गरिएको यस अध्ययन अनुसन्धानमा विद्यालयमा शिक्षक र विद्यार्थी बीच द्वन्द्व व्यवस्थापनका लागि प्रश्नावली र अवलोकनबाट प्राप्त तथ्याङ्कलाई उद्देश्य अनुसार व्याख्या एवम् विश्लेषण गरिएको छ ।

## ४.१ विद्यालयमा शिक्षक र विद्यार्थी बीच द्वन्द्व व्यवस्थापनको वर्तमान अवस्था

हालसम्म विभिन्न विद्वानहरुले व्याख्या गर्दै आएको भनाइ अनुसार द्वन्द्व भनेको कुनै पनि संगठन, संघसंस्थाहरुमा आफ्नो अधिकार प्राप्तिका लागि अथवा प्राप्त अधिकारलाई स्थायित्व प्रदान गर्नका लागि द्वन्द्वको सुरुवात हुने गर्दछ । मानिस अन्य प्राणिहरु भन्दा एक सचेत प्राणिका रुपमा रहेकै कारण ऊ कसैको पनि दवाब, धम्की तथा पीडामा नरही आफ्नै प्रकारले स्वतन्त्र पूर्वक बाँच्न चाहान्छ साथै आफूले पाउनु पर्ने अधिकारको पनि उपयोग गर्न चाहान्छ, यसो हुँदा संघसंस्थामा द्वन्द्वको सिर्जना हुनु स्वभाविक हुन आउँदछ । विद्यालय भनेको पनि समाजद्वारा नै स्थापित एक सामाजिक संस्था भएका कारण यहाँ विभिन्न भाषाभाषी, तथा फरक विचार र धारणा भएका शिक्षक तथा विद्यार्थीको जमघट हुने गर्दछ । जहाँ शिक्षक र विद्यार्थी, विद्यालयप्रशासन र शिक्षक, शिक्षक र अभिभावकसंघ आदिका बीचमा मत भेद हुँदा त्यसको प्रत्यक्ष असर शिक्षक र विद्यार्थी दुवैमा पर्न जान्छ र द्वन्द्वको सिर्जना हुन्छ । यसरी सिर्जित द्वन्द्वलाई रोकेर विद्यालयमा शिक्षक र

विद्यार्थी बीच सुमधुर सम्बन्ध कायम गरी अध्ययन अध्यापन कार्यालाई निरन्तर रुपमा अगाडि बढाउनका लागि द्वन्द्व व्यवस्थापनको अपरिहार्यता रहन्छ ।

द्वन्द्व व्यवस्थापन भनेको द्वन्द्वको अन्तिम समाधान नभइ त्यसबाट हुनसक्ने क्षतीको कमगर्नका लागि अपनाइने वैकल्पिक उपाय मात्र हो । छनौटमा परेका विद्यालयहरूबाट प्राप्त सूचनाका आधारमा वर्तमान अवस्थलाई हेर्दा शिक्षक र विद्यार्थी बीचको द्वन्द्वको अवस्था विभिन्न राजनीतिक गतिविधि, विद्यालय प्रशासन र शिक्षक बीचको बेमेल, विद्यार्थीको अभद्र व्यवहार जस्ता आदि कारणले शिक्षक र विद्यार्थीका बीचमा द्वन्द्व बढेको पाइयो । जसको समाधानका लागि  विद्यालयले सरोकारवालाका बीचमा आपसि छलफल, सम्वाद, सहमति, सहकार्य, एकता, सामञ्जस्यता कायम राख्ने, सर्वपक्षीय भेला अन्तरक्रिया गर्ने गराउने, नीति नियममा आधारित भएर कार्य गर्ने जस्ता समाधानका उपायहरु अपनाउँदै शिक्षक र विद्यार्थीमा देखिएको द्वन्द्व लाई व्यवस्थापन गर्नतर्फ लागि रहेको पाइन्छ ।

बढ्दो द्वन्द्वलाई व्यवस्थापन गरी निराकरणको उपाय खोज्नका लागि विद्यालय प्रशासनले बेला बेलामा शिक्षक, विद्यार्थी तथा अभिभावक बीचको छुट्टा छुट्टै तथा संयुक्त भेलागराई शिक्षक तथा विद्यार्थीमा देखिएका समस्या, शिक्षक र विद्यार्थीको सम्बन्ध टाढीनुका कारणहरु, सुमधुर सम्बन्धको स्थापना गराएर बढ्दो द्वन्द्वलाई व्यवस्थापन गर्न अभिभावक संघ, विद्यालय प्रशासन, अभिभावक, शिक्षक र विद्यार्थीले गर्नु पर्ने काम कर्तव्यको बारेमा समेत छलफल तथा अन्तरक्रिया हुने गरेको पाइयो ।

विद्यालय शिक्षक र विद्यार्थी बीच द्वन्द्व व्यवस्थापन शीर्षक राखि अध्ययन गरिएको यस शोधपत्रमा विद्यालयका प्र. अ., शिक्षक, अभिभावक संघ तथा विद्यार्थीलाइ अर्न्तवार्ता तथा प्रश्नावलीको माध्यमबाट द्वन्द्व तथा शिक्षक र विद्यार्थी बीच द्वन्द्वको वर्तमान अवस्था बारे प्रश्न सोधिएको र  विद्यालयमा वर्तमान अवस्थामा द्वन्द्व व्यवस्थापनका लागि   चालिएका कदम तथा विभिन्न नीतिहरुको पहिचान गर्ने उद्देश्यले छनौटमा परेको घ्याम्पेशाल स्रोतकेन्द्र अन्तर्गतका चार विद्यालयहरु दुल्लभ उ.मा.वि. मसेल, विन्द्रावती उ.मा.वि मसेल, शैलपुत्री

उ.मा.वि. देउराली, सिद्धकाली मा.वि. तान्द्राङ्को शिक्षक र विद्यार्थी बीचको द्वन्द्व व्यवस्थापन सम्बन्धी वर्तमान अवस्थालाई अध्ययन अनुसन्धान गरिएको थियो ।

छनोटमा परेको अध्ययन स्थलको वर्तमान अवस्थालाई हेर्दा द्वन्द्व व्यवस्थापन सम्बन्धी विभिन्न कार्यक्रमहरु, सेमिनार, तालिम, गोष्ठी तथा जनचेतनामूलक कार्यक्रमहरु समय समयमा हुने गरेको पाइयो । जसले गर्दा विद्यालयमा द्वन्द्व व्यवस्थापन सम्बन्धी नीति नियम बनाउने, शिक्षक तथा विद्यार्थीले आफ्ना कुराहरु प्रत्यक्ष रुपमा विद्यालय प्रशासनमा राख्ने, विद्यार्थीले शिक्षकसँग आफूलाई परेका समस्याका बारेमा कुरा राख्ने जस्ता कार्यहरु गर्दै आएको पाइयो । शिक्षकका अधिकारको सुनिश्चित गर्नका लागि विद्यालय व्यवस्थापन समिति, शिक्षक, विद्यालय अभिभावसंघ बीच अन्तरक्रिया तथा छलफल हुने गरेको विद्यार्थीलाई पनि नैतिक शिक्षक प्रदान गर्नुका साथै वातावरणमा घुलमिल भएर वस्ने बानिको कायम गरी शिक्षक र विद्यार्थी बीचमा आपसी कलह, वैमुस्यता जस्ता कारणले विद्यार्थी स्वयमलाई हानी गर्दछ भन्ने बारेमा विद्यालय प्रशासनले जानकारी गराउँदै आएको पाइयो भने शिक्षकलाई पनि विद्यार्थीका विभिन्न गल्ती कमजोरीलाई ठूलो इस्यु नबनाइकन उनीहरुलाई उचित मार्ग दर्शन प्रदान गर्नु पर्दछ भन्नेबारेमा जनचेतना जगाउँदै आएको पाइयो ।

### **४.१.१ द्वन्द्वको तह**

जुनसुकै समाज, सभ्यता एवम् संगठनमा संस्थागत उद्देश्य प्राप्त गर्ने सवालमा कार्य नीति एवम् योजना कार्यान्वयन प्राप्त गर्ने सेवा सुविधा आदिका वारेमा कुनै कुनै रूपमा मनमुटाव, फरक दृष्टिकोण, झगडा तनाव हुन्छ त्यो नै द्वन्द्व हो । यहाँ विद्यालयमा द्वन्द्वका तहका सन्दर्भमा केही विवेचना गर्ने प्रयास गरिएको छ । द्वन्द्व के हो ? कस्तो प्रकारको द्वन्द्व हो ? कुन तह सम्म छ ? तथ्याङ्क संकलन गरी बुझ्ने कोशिस गरिएको छ । विशेष गरी संगठनको लक्ष्य प्राप्तिमा सहयोग पुऱ्याउने र कार्यसम्पादनमा सुधार ल्याउने द्वन्द्व सकरात्मक वा कार्यगत द्वन्द्व हो भने कार्य सम्पादनमा अवरोध ल्याउने द्वन्द्व नाकरात्मक वा

अकार्यगत द्वन्द्व हो । यस्तो द्वन्द्व प्रशासनिक एवम् प्राविधिक प्रकृतिको हुन्छ साथै समस्या विषयमुखी हुन्छ जुन विनासकारी प्रकृतिको हुन्छ, (कोइराला र श्रेष्ठ, २०५९) ।

कोइराला र श्रेष्ठ (२०५९) ले द्वन्द्वका तहहरूमा व्यक्तिभित्रको द्वन्द्व, अन्तरवैयक्तिक द्वन्द्व, समूह भित्रको द्वन्द्व, अन्तर समूह द्वन्द्व, संगठन भित्रको द्वन्द्व र अन्तर संगठनात्मक द्वन्द्वहरू हुन्छन् भनि व्याख्या गरे झैं विद्यालयमा शिक्षक र विद्यार्थी बीच द्वन्द्व व्यवस्थतापन शीर्षकको यो शोध अध्ययनको क्षेत्र भित्रका विद्यालयहरूमा पनि उत्तरदाताहरूबाट प्राप्त तथ्याङ्कका आधारमा द्वन्द्वका तहहरूमा शिक्षक स्वयम् भित्र, शिक्षक र विद्यार्थी बीचमा द्वन्द्व भएको देखियो अध्ययनका क्रममा शिक्षक सन्तुष्टि नहुँदा उसभित्र निरासा, कुण्ठा, हतोत्साह, अभावले उसभित्र तनाव पैदा हुने कुरा अध्ययनका क्रममा गरिएको अन्तरवार्ता तथा छलफलबाट प्रष्ट भएको छ । त्यस्तै अस्वस्थ प्रतिस्पर्धा, व्यक्तिगत भिन्नता, प्राप्त ज्ञान, सीप, शिक्षणकला र प्राप्त हुने सेवा सुविधाको अन्तरले शिक्षक-शिक्षक बीचमा द्वन्द्व बढ्ने गरेको जसको असर शिक्षक र विद्यार्थीमा पनि पर्ने गरेको पाइन्छ । त्यस्तै विद्यालयमा रहने शिक्षक, वि.प्र., वि.व्य.स. शिक्षक अभिभावक संघ, विद्यार्थी, अभिभावक एउटै समूहका सदस्यका रूपमा रहेका हुन्छन् । यस भित्र विभिन्न शाखा, उपशाखा एवम् विभाग पनि देख्न सकिन्छ । उनीहरुको बीचमा अपर्याप्त सञ्चार, पदीय कार्य विभाजन, अधिकारको प्रत्यायोजन, आपसी प्रतिस्पर्धा, मूल्यांकन परिपाटी, दण्ड र पुरस्कारको परिपाटीमा देखिने अस्पष्टता, पक्षपातपूर्ण निर्णय, लादिएको कार्यक्रम जस्ता कुराले पनि शिक्षक र अभिभावक बीच द्वन्द्व सिर्जना हुन्छ भन्ने कुराको उत्तर अनुसन्धानका क्रममा प्राप्त भएको थियो ।

शिक्षक, प्र.अ., वि.व्य.स. अध्यक्ष, शिक्षक. अभिभावक संघको अध्यक्ष सबैमा व्यक्ति भित्रको द्वन्द्व हुनु स्वभाविक हुन्छ भने उनीहरू कुनै न कुनै रूपमा विद्यालय प्रति आवद्ध रहेका हुन्छन् शिक्षकहरुको विद्यार्थीका अभिभावक प्रतिको बेमेल तथा अन्य कारणहरु पनि शिक्षक र विद्यार्थी बीच द्वन्द्वको सिर्जना हुन सक्दछ । भिन्न भिन्न राजनीतिक पृष्ठभूमि र विचार र वादमा आस्था राख्ने हुँदा, तनाव, विवाद वा द्वन्द्व हुनु स्वभाविक मानिन्छ तर त्यसलाई व्यवस्थापन गर्न साझा उद्देश्यलाई केन्द्रविन्दुमा राखि आपसि एकता, वार्तालाप, छलफल, अन्तरक्रियाबाट मध्यमार्ग पहिचान गरी सही विकल्पको छनौट गर्न अधुरा प्रयास गरिएका

छन् । ती पूर्ण नभएका र पूर्ण वनाउन थप प्रयास गर्नुपर्ने साझा धारणा नमूना छनौटमा परेका विद्यालयहरूका प्र.अ., शिक्षक र शिक्षक अभिभावक संघका अध्यक्षहरूका रहेको पाइयो । यस्ता सोच, दृष्टिकोण र धारणाबाट द्वन्द्व व्यवस्थापन गर्न सहयोग पुग्दछ ।

## ४.२ विद्यालयमा शिक्षक र विद्यार्थी बीचको द्वन्द्व व्यवस्थापनको प्रभावकारिता

यस शोध अध्ययनका क्रममा घ्याम्पेशाल स्रोत केन्द्रमा रहेका चार वटा विद्यालयहरु दुल्लभ उ.मा.वि मसेल, विन्द्रावती उ.मा.वि मसेल., शैलपुत्री उ.मा.वि देउराली, सिद्धकाली मा.वि. तान्द्राङ्मा गरिएको अध्ययन अनुसन्धामा विद्यालयमा शिक्षक र विद्यार्थी बीचको द्वन्द्व व्यवस्थापनको प्रभावकारिता के कस्तो रहेको छ भनेर अध्ययन अनुसन्धान गरिएको थियो । अनुसन्धानका क्रममा शिक्षक र विद्यार्थी बीच द्वन्द्व व्यवस्थापन गर्नका लागि सरोकारवलाहरुले आ-आफ्नो ठाउँबाट सहयोग गरेको पाइयो । विद्यालयमा विद्यार्थीहरुको व्यवहारमा परिवर्तन आएको, बालक देखि बालक सम्मको अवधारणाले ज्ञान, सीप र धारणामा परिवर्तन भएको जसले गर्दा एउटा बालक नमूना बनेर अध्ययन क्रियामा सक्रिय रुपले लाग्न सकेको कुरा अनुसन्धानका क्रममा पत्ता लागेको थियो ।

विद्यालयमा शिक्षक र विद्यार्थी बीचको द्वन्द्व व्यवस्थापनले शिक्षक र विद्यार्थी बीचमा के कस्तो प्रभाव परेको छ भनेर त्यहाँ गतिविधिहरुलाई औल्याउने क्रममा शिक्षक, प्र.अ., अभिभावकसंघ र विद्यार्थीसँग छुट्टा छुट्टै प्रश्नावली भराई राय सल्लाह तथा सुझाव हरु लिइएको थियो । जसबाट प्राप्त जानकारी अनुसार शिक्षक र विद्यार्थी बीचको द्वन्द्व व्यवस्थापनले शिक्षक र विद्यार्थी बीच हुने खाडललाई कम गरी सुमधुर सम्बन्ध कायम भएको पाइन्छ । विद्यालयमा शिक्षक र विद्यार्थी बीचको द्वन्द्व व्यवस्थापनले विद्यार्थीको भावना परिवर्तनभई नौलो सिर्जनात्मक क्रियाकलापद्वारा अध्ययन अध्यापन क्रियामा सघाउ पुग्ने कुरा पनि अनुसन्धानका क्रममा जानकारी प्राप्त भएको थियो । द्वन्द्व व्यवस्थापनले गर्दा शिक्षक र विद्यार्थीको नजिकको सम्बन्धका कारण विद्यार्थी तथा शिक्षकमा नौलो जोश जाँगर र आसा पलाउनुका साथै मैत्रीपूर्ण ढङ्गले पठन पाठन क्रिया हुने गरेको पाइयो ।

विद्यालयमा बालमैत्री वातावरणको सिर्जना, बालमैत्री शिक्षा अन्तर्गत शिक्षक र विद्यार्थी बीचको सुमधुर सम्बन्ध कायम, छात्र तथा छात्राहरुको समस्याको निराकरण गर्नुका साथै शिक्षकहरुका समस्याप्रति पनि ध्यानकर्षण गरी समस्यालाई समाधान गराएर शिक्षक र विद्यार्थी बीच सुमधुर सम्बन्ध कायम राख्न सहयोग पुगेको, द्वन्द्व व्यवस्थापनका लागि शैक्षिक क्षेत्रमा विद्यार्थीहरुलाई केवल किताबि ज्ञानको सट्टा उनीहरुलाई आफ्ना अधिकार एवम् काम कर्तव्य अनि बानिमा सुधार गर्नु पर्ने कुराहरुको समेत शिक्षा दिइने हुँदा विद्यार्थी भित्र रहेका नकरात्मक सोच तथा शिक्षक प्रति हेर्ने दृष्टिकोणमा परिवर्तन भई आफू, आफ्नो विद्यालय, शिक्षक र समुदायमा समेत प्रभाव पर्ने गरेको पाइयो । शिक्षकलाई दिनु पर्ने उचित सेवा सुविधाको कमीले पनि शिक्षकको अध्यापन कार्यमा नैरास्यता सिर्जना भई विद्यार्थी र शिक्षक बीच बढ्न जाने मत भेद एवम् बेलको वातावरणमा कमी भएको , शिक्षकहरु मार्फत विद्यार्थीहरुको वयवहारमा परिवर्तन ल्याउन केन्द्रित देखिएको, विद्यालयको अध्ययन अध्यापन क्रियामा द्वन्द्व व्यवस्थापनको सकरात्मक प्रभाव पर्न गई शिक्षक र विद्यार्थी बीच हुनुपर्ने सम्बन्ध कायम गर्न सकिएको कुरा समेत अनुसन्धानका क्रममा जानकारी प्राप्त भएको थियो ।

### ४.३ विद्यालयमा शिक्षक र विद्यार्थी बचीको द्वन्द्व व्यवस्थापन सम्बन्धी देखिएका समस्याहरु

विद्यार्थीहरुका लागि परिवार पछि सिक्ने मुख्य ठाउँ विद्यालय नै हो । शिक्षक विद्यालयको आत्मा हो । जसले विद्यार्थीहरुलाई राम्रो वातावरणमा सिक्ने, सिकाउने कार्य गर्दछ । विद्याललयमा शिक्षक र विद्यार्थी बीच सुमधर सम्बन्ध कायम भएको खण्डमा तिनीहरुको ज्ञान आर्जनमा पनि वृद्धि हुन सक्दछ । विद्यालयमा द्वन्द्व व्यवस्थापनको लागि लागि शिक्षकहरुले आदर्श अगुवाको भूमिका खेल्नु आवश्यक रहन्छ । त्यसै कारण विद्यालयमा द्वन्द्वरहित वातावरणको सिर्जना गरी शिक्षक र विद्यार्थीबीच हुने अन्तर द्वन्द्वको पनि समाधान गर्नुपर्ने हुन्छ । तर सरकारी तवरबाट शिक्षा क्षेत्रका लागि यति धेरै प्रयासहरु हुँदा हुँदै पनि विभिन्न राजनीतिक गतिविधि, सामाजिक कारण तथा शिक्षक स्वयम् विद्यार्थी स्वयम्का

कारणले गर्दा शिक्षक र विद्यार्थीका बीचमा हुने द्वन्द्वलाई व्यवस्थापन गर्न सकिइ रहेको अवस्था नभएको अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो ।

घ्याम्पेशाल स्रोतकेन्द्र अन्तर्गत श्री दुल्लभ उ.मा.वि मसेल, विन्द्रावती उ.मा.वि. मसेल, शैलपुत्री उ.मा.वि. देउराली, सिद्धकाली मा.वि. तान्द्राङ्गमा ४ वटा विद्यालयलाई नमूना छनौट विधिको आधारमा छनौटगरी  विद्यालयहरुमा देखिएका कमिकजोरीहरुलाई निम्नासुर रुपमा उल्लेख गरिएको छ :

**क) विद्यालय व्यवस्थापन समितिको प्रतिक्रिया**

विद्यालयलाई सुचारु रुपले अगाडि बढाउनका लागि विद्यालय व्यवस्थापनले अग्रिम भुमिका निर्वाह गरेको हुन्छ । विद्यालयमा शिक्षक र विद्यार्थी बीच द्वन्द्व व्यवस्थापन  शीर्षक राखि अध्ययन गरिएको यो अध्ययन अनुसन्धानमा अन्तरवार्ता प्रश्नावली (१-५ मा समावेश गरिएका अनुसूचीहरु) तथा सर्वेक्षण फारम आधारमा विद्यालय व्यवस्थापन समितिमा रहेका कमिकमजोरीलाई औंल्याइएको छ । विद्यालयमा शिक्षक र विद्यार्थी बीच द्वन्द्व व्यवस्थान गर्न विभिन्न राजनीतिक गतिविधि, शिक्षक तथा विद्यार्थीको भिन्दा भिन्दै सोचाइ जस्ता आदि कारणले गर्दा शिक्षक र विद्यार्थी बीच द्वन्द्व व्यवस्थापन गर्न निकै गाह्रो भएको, शिक्षक, विद्यार्थी प्रतिनिधि, अभिभावसंघको संयुक्त भेला तथा छलफल कार्यक्रमा द्वन्द्वभनेको केहो ? किन सिर्जना हुन्छ ? बढ्दो द्वन्द्व र बैमनस्यताको अवस्थाले शिक्षक र विद्यार्थीलाई कस्तो असर पुऱ्याउँछ भन्ने जस्ता कुराहरुको ज्ञान दिलाउन चाहेर पनि खासै उपलब्धि मूलक ढङ्गबाट प्रचार प्रसार गर्न नसकेको जसले गर्दा शिक्षक र विद्यार्थी बीचको द्वन्द्व व्यवस्थापनकार्य समस्या देखिएको जानकारी प्राप्त भएको थियो ।

विद्यालयमा शिक्षक र विद्यार्थी बीचको द्वन्द्व व्यवस्थापन नामक शीर्षक चयन गरी गरिएको यस अध्ययन अनुसन्धानमा विद्यालय व्यवस्थापन समितिसँग गरिएको अन्तरवार्ता प्रशनावली अनुसार विद्यालयमा विशेष गरेर विद्यार्थीलाई शिक्षा आर्जन गराउने कुरामा मात्र पहल गरिने,  विद्यार्थी भनेका केवल रित्तो भाँडो बराबर हुन जसलाई शिक्षकले आफ्नै प्रकारले ज्ञान भरिदिनु पर्दछ भन्ने जस्तो पूरनै सोच तथा धारणाका कारण अध्ययन अध्यापनका

क्रममा शिक्षकबाट विद्यार्थी माथि हुने कडा तथा रिसालु स्वभाका कारणले विद्यार्थीहरु शिक्षकसँगको सम्बन्धबाट टाढीन पुग्ने र उनीहरुबीचको द्वन्द्वान्तमक अवस्था सिर्जना हुन पुग्दछ । यसरी सिर्जित द्वन्द्वलाई शिक्षकहरुले जानि जानि पनि आफ्नो व्यवहारमा परिवर्तन नगरिदिँदा व्यवस्थपनमा कठिनाई परेको कुरा अनुसन्धानका क्रममा जानकारी प्राप्त भएको थियो ।

स्कूलमा गर्ने सम्पूर्ण कामको जिम्मा भनेको शिक्षक तथा प्र.अ.को रहेको हुदाँ विद्यालय व्यवस्थापन समिति भनेको विद्यालय प्रशासनले बोलाएको खण्डमा जाने एक अतिथि जस्तै रहेको हुँदा विद्यालयमा शिक्षक र विद्यार्थी बीच हुने द्वन्द्व व्यवस्थापन सम्बन्धी विशेष हात प्र.अ.को नै रहन्छ भन्ने जस्ता उत्तरहरुपनि अनुसन्धानका क्रममा विद्याललय व्यवस्थापक समितिद्वारा प्राप्त भएको थियो । विद्यालय व्यवस्थापनले शिक्षक र विद्यार्थी बीचको द्वन्द्वलाई व्यवस्थापन गर्न बेला बेलामा बैठक राख्ने, छलफल तथा अन्तरक्रिया गर्ने जस्ता कार्यहरु गरेता पनि विद्यालय भनेको एउटा समुदायमा आधारित सामाजिक संस्था भएको र त्यहाँ अध्ययन गर्ने विद्यार्थीहरु त्यहि समुदायका हुने र शिक्षक हरुपनि स्थानीय क्षेत्रका नै हुँदा विविध कारणबस विद्यार्थीहरुका अभिभावकसँग हुने मनमुटाव, बेमेल, झैझगडा आदि जस्ता कुराहरुले शिक्षकको विद्यार्थीप्रति हेर्ने दृष्टिकोण भिन्न हुने, विद्यार्थीले पनि शिक्षकलाई देख्नसाथ आदारपूर्ण व्यवहार भन्दा रिसाह तथा बदलाको भावना प्रस्तुत गर्ने जस्ताका समस्याका कारणहरुले शिक्षक र विद्यार्थी बीचको द्वन्द्वलाई उचित तरिकाले व्यवस्थापन गर्न नसकिएको भन्ने जस्ता कुराहरु विद्यालय व्यवस्थापन समितिबाट प्राप्त भएको थियो ।

यसरी विद्यालयमा शिक्षक, प्र.अ., विद्यार्थी., अभिभावक संघ आदिका बीचमा हुने आपसी बेमेल नै द्वन्द्व व्यवस्थापन गर्न नसिकिनुको प्रमुख समस्या रहेके भन्ने धारणा प्रष्ट भएको थियो ।

**ख. प्र.अ. को प्रतिक्रिया**

अध्ययनको क्रममा विद्यालय व्यवस्थापन, प्र.अ., शिक्षक, विद्यार्थीहरुमा शिक्षक तथा विद्यार्थी बीचको द्वन्द्वलाई व्यवस्थापन गर्न के कस्ता कमी कमजोरी हरु रहेका छन् त ? भनेर

अध्ययन तथा अनुसन्धान गरिएको थियो । कुनै संघ संस्था चल्नका लागि संस्थामा एउटा प्रमुख व्यक्तिको आवश्यकता पर्दछ । जसको अभावमा संस्था सुचारु ढङ्बाट सञ्चालन हुन सक्दैन । शैक्षिक दृष्टिकोणले हेर्दा विद्यालय सञ्चालनका लागि प्र.अ.लाई एक मेरुदण्डका रुपमा लिइन्छ । त्यसैले विद्यालयको दैनिक गतिविधिलाई अवलोकन गरी शिक्षक र विद्यार्थी बीचको बढ्दो द्वन्द्व लाई व्यवस्थापन गर्न प्र.अ.को अपरिहार्य भूमिका रहेता पनि समुदायबाट सहयोग नपाउनु, प्रशासनिक कार्य बोझ तथा विभिन्न राजनीतिक हस्तक्षेप हुन, शिक्षकले जानि जानि पनि आफ्नो व्यवहारमा परिवर्तन नगरिदिनु, समुदायिमा आधारित विद्यालय भएकै कारण अभिभावकहरुले आफ्ना बालबालिकाहरुको पढाइ तथा अनुसासन प्रति खासै चासो नदेखाउनु जसको कारण विद्यार्थीमा खराब आचरणको वृद्धि भई विद्यालयमा शिक्षक प्रति गरिने व्यवहार पनि नकरात्मक हुन जाँदा प्र.अ.ले चाहेर पनि सोचे अनुसार द्वन्द्वलाई व्यवस्थापन गर्न नसकेको कुरा अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो । विद्यालयबाट प्रादन हुने छात्र वृत्तिका कुराहरुमा पनि विद्यार्थीहरुले शिक्षकले अपहेलना गरी सही तरिकाले वितरण नगरेको भन्ने जस्ता कुारहरुलाई लिएर शिक्षक प्रतिको हेराइमा नकरात्मक सोच राख्दा द्वन्द्व व्यवस्थापनमा कठिइ सिर्जना भएको कुरा पनि अध्ययनमा जानकारी प्राप्त भएको थियो ।  प्र.अ.हरुले विद्यालयलाई शान्तिपूर्ण वातावरणको सिर्जना गरी शिक्षक र विद्यार्थी बीचको द्वन्द्वलाई व्यवस्थापनमा प्रयासरत रहँदा रहँदै पनि अभिभावक तथा समुदायको नकरात्मक सोच, अज्ञानता जस्ता कारणहरुले शिक्षक र विद्यार्थी बीचमा द्वन्द्व व्यवस्थापन हुन नसकेको पाइयो ।  शिक्षक, विद्यार्थी, अभिभावक बीचको छलफल तथा अन्तरक्रिया कार्यक्रम गराउँदा पनि केवल एकले अर्कालाई दोषारोपण मात्र गर्ने आफ्नो गल्तीको महशुस कसैले पनि नगर्ने र अरुमाथि दोष थुपार्ने जस्ता प्रवृत्तिहरुले गर्दा पनि शिक्षक र विद्यार्थी बीचमा रहेको बढ्दो द्वन्द्वलाई व्यवस्थापन गर्न नसकिएको कुरा जानकारी प्राप्त भएको थियो ।

**ग) शिक्षकको प्रतिक्रिया**

बिद्यालयमा शिक्षक र विद्यार्थी बीच सुमधुर सम्बन्ध कायम गरी एक नमूना विद्यालयको रूपमा स्थापना गर्न शिक्षकको महत्वपूर्ण भूमिका रहेको हुन्छ । त्यसैले शिक्षक भनेको विद्यालयको आत्मा हो जुनआत्माले जता लग्यो त्यतै परिवर्तनको वाहक हुन सक्छ ।

विद्यालयमा शिक्षकको भूमिका बालबालिकाको पूर्ण शारारिक तथा मानसिक विकास गर्ने उत्तरदायित्व रहन्छ । समुदायमा र बिद्यार्थीमा सम्बन्ध बिस्तार गर्नु  शिक्षकको दायित्व भित्र पर्दछ । विद्यालयको अनुगमनमा शिक्षकहरु विच समन्वय नभएको जसले गर्दा द्वन्द्वलाई व्यवस्थित रुपले व्यवस्थापन गर्नमा कठिनाइ सिर्जना भएको पाइयो ।

विद्यालयमा शिक्षक र विद्यार्थी बीचको बढ्दो द्वन्द्वलाई व्यवस्थापन गरि सुमधुर वातावरणको सिर्जना गर्न शिक्षकको भूमिका रहेता पनि प्रसासनबाट सबै अवस्थामा सहयोग नपाउने , समुदायबाट वास्ता नर्गनु,  शिक्षक कर्मचारी  बिच सम्बन्ध राम्रो नहुनु, बिद्यार्थीसँग मायालु स्वाभाव नदेखाउनु  जस्ता कारणहरुले द्वन्द्वको उचित व्यवस्थापन हुन नसकेको अनुसन्धानका क्रममा शिक्षकसँगको छलफल तथा अन्तरक्रियामा जानकारी प्राप्त भएको थियो । शिक्षकले ब्यात्तिगत कार्य देखाउने , प्र. अ.बिच राम्रो सम्बन्ध बनाउदा खोज्दा सहज बाताबरण बन्न नसक्ने जस्ता कारणहरुले आफूले चाहे अनुसार शिक्षक र विद्यार्थी बीचको द्वन्द्वलाई व्यवस्थापन गर्न नसकेको जानकारी प्राप्त भएको थियो ।


**घ) विद्यार्थीबाट प्रतिक्रिया**

विद्यालय सञ्चालनका मुख्य आधार भनेका विद्यार्थी हुन जसको अभावमा विद्यालयको कल्पना पनि गर्न सकिदैन । जर्ज एल्टन मायोको मानव सिद्धान्तलाई आधार मानेर सामु दायिक विद्यालयमा शिक्षक र विद्यार्थी बीच द्वन्द्व व्यवस्थापन नामक शीर्षकको चयन गरी तयार पारिएको यो शोध अध्ययनमा विद्यालयमा शिक्षक र विद्यार्थी बीचमा द्वन्द्व व्यवस्थापन हुन नसक्नुमा विद्यार्थीका के कस्ता कमी कमजोरीहरु हुन सक्छन् त भन्ने प्रश्नको उत्तर खोज्ने प्रयास गरिएको थियो । जसका लागि शोधकर्ताको प्रत्यक्ष उपस्थितिमा विद्यार्थीसँग छलफल तथा अन्तरक्रिया समेत गरिएको थियो । उनीहरुबाट प्राप्त प्रक्रिया अनुसार विभिन्न आशा तथा उद्देश्य बोकेर विद्यालय गयो, पढ्ने इच्छा गऱ्यो तर शिक्षक तथा प्र.अ.को व्यवहार देख्दा नै नैरस्यता उत्पन्न हुन्छ । उहाँहरुको व्यवहारको प्रतिक्रिया स्वरुप बेमेलको अवस्था सिर्जना हुन जान्छ । जसले गर्दा शिक्षक र विद्यार्थी बीचमा हुने द्वन्द्वलाई विद्यार्थीका तर्फबाट कम गर्न ज्यादै कठिनाइ भएको छ भन्ने जस्ता कुराहरु अध्ययनका

क्रममा मा.वि. तहका छात्र छात्राबाट प्राप्त भएको थियो ।  शिक्षक, अभिभावक संघ, विद्यालय प्रशासनले कुनै पनि छलफल, कार्यक्रममा विद्यार्थी प्रतिनिधिलाई उपस्थित गराए पनि उनीहरुको भनाइ, राय सल्लाहलाई खासै चासो नदेखाउने, विद्यार्थी भनेका केवल खाली भाँडो जस्तै हुन् उनीहरुलाई केही पनि जानकारी हुँदैन, विद्यार्थीले प्रदान गरेको राय सल्लाह तथा सुझावबाट विद्यालयको समस्या समाधान हुन सक्दैन भन्ने जस्तो दृष्टिकोण राखिदिँदा पनि विद्यार्थीका तर्फबाट शिक्षक र विद्यार्थीका बीचमा हुने द्वन्द्वलाई व्यवस्थापन गर्नका लागि आफूहरुले सक्रिय भूमिका निभाउन नसकेको गुनासो विद्यार्थीहरुको रहेको थियो । कुनै पनि विद्यार्थीले विद्यालयमा उठाएका कुराहरुलाई विद्यालय प्रशासनले बेवास्ता गरिदिँदा विद्यार्थीमा नैरास्यता उत्पन्न भई शिक्षक तथा विद्यार्थी बीच हुने द्वन्द्व व्यवस्थापनमा पनि विद्यार्थीले खासै चासो नदेखाएको कुरा पनि अध्ययन अनुसन्धानका क्रममा विद्यार्थीहरुसँगको छलफल तथा अन्तरक्रियाबाट प्राप्त जानकारी अनुसार थाह लागेको थियो ।

यसरी विद्यालयमा शिक्षक र विद्यार्थी बीच द्वन्द्व व्यवस्थापन नामक अध्ययन शीर्षक चयन गरी गरिएको यस अध्ययन अनुसन्धानमा के के कारणहरुले शिक्षक र विद्यार्थी बीचमा द्वन्द्व व्यवस्थापन गर्न समस्या सिर्जना भएको छ त? विद्यालय व्यवस्थापन समिति, शिक्षक, विद्यार्थी, अभिभावक संघ , प्र.अ. हरुको केकस्ता कमी कमजोरी हरुले गर्दा द्वन्द्व झन् झन् बढ्दो अवस्थामा गइरहेको छ त ? भन्ने जस्ता कुराहरुको जिज्ञासा राखि त्यसको उत्तर खोज्ने प्रयास गरिएको थियो । अनुसन्धानबा क्रममा गरिएको खोज अनुसन्धानमा सरोकारवलाहरुबाट भिन्दाभिन्दै प्रकारका उत्तरहरु प्राप्त गरिएको थियो । जसबाट प्राप्त तथ्यांक र उत्तरको आधारमा विद्यालयमा शिक्षक र विद्यार्थी बीचमा द्वन्द्वलाई व्यवस्थापन गर्न नसकिनुका कारणहरुलाई निम्नानुसार चित्रमा प्रस्तुत गरि अझ प्रष्ट पार्न खोजिएको छ :

**चित्र नं. १ :**




## ४.४ विद्यालयमा द्वन्द्वका कारण शिक्षक र विद्यार्थी बीच देखिएका समस्याहरूको निराकणका उपायहरू

द्वन्द्व विनाको सभ्यता, समाज एवम् संगठन हुँदैन । द्वन्द्व कुनै पनि संघसंस्थामा आफ्नो अधिकार संरक्षणका लागि वा अरुले गरेको अभद्र व्यवहारको प्रतिकार स्वरुप उत्पन्न हुने गर्दछ । द्वन्द्वलाई संगठनबाट पूर्ण रूपमा छुटाउन सकिंदैन, उप्रेति (२००१) । संगठनको संरचना, मूल्य मान्यता, सदस्यहरूको चालचलन, बानिव्यहोरा आदिले द्वन्द्वलाई प्रभाव पारेको हुन्छ । त्यसै गरी विद्यालय पनि समाजको लघु रूप हो, डि.वे (१९१६) । त्यसै गरी डि.वे कै भनाइमा ज्ञान र सूचना व्यवस्थित ढंगले अर्को पुस्तामा हस्तान्तरण गर्ने औपचारिक शिक्षाको थलो विद्यालय हो भन्ने दार्शनिक चिन्तन छ । विद्यालय एउटा सिंगो समाज वा संगठनको रूपमा रहेकोले यस भित्र पनि द्वन्द्वको अवस्था सर्वत्र भेटिन्छ जुन कुरा छनौटमा परेका विद्यालयहरूबाट, प्रश्नावली अवलोकन एवम् अन्तरवार्ताबाट प्राप्त तथ्याङ्कबाट स्पष्ट हुन आउँदछ । द्वन्द्वका स्रोत, तह, अवस्था भनौं यसको सिंगो स्थिति पहिचानबाट हुने क्षती कम गर्दै द्वन्द्व समाधानको आधार तयार पार्नु हो । नमूना छनौटमा परेका विद्यालयहरूबाट प्राप्त सूचनाका आधारमा शिक्षक र विद्यार्थी बीच द्वन्द्व व्यवस्थापनका लागि आपसि छलफल र सम्वाद, सहमति, सहकार्य, एकता, सामञ्जस्यता

कायम राख्ने, सर्वपक्षीय भेला अन्तरक्रिया गर्ने गराउने, नीति नियममा आधारित भएर कार्य गर्ने, प्राप्ति भन्दा त्यागको भावनामा अभिवृद्धि गर्ने गराउने जस्ता नीतिहरू मुख्य रुपमा रहेको पाइयो ।

यी माथि उल्लेखित मूल्य मान्यता र नीतिहरू कुनै न कुनै रूपमा द्वन्द्वव्यवस्थापनमा स्थापित पूर्व सिद्धान्तहरूसँग प्रत्यक्ष सम्बन्ध रहेको तर पूर्ण जानकारी लिई लागू भएको स्थिति देखिएन । शिक्षकहरूसँग सहकर्मी र सहपाठीको व्यवहार प्रदर्शन गर्दै शिक्षक बैठकमा सहभागी हुँदा शिक्षक र विद्यार्थी बीचको द्वन्द्व व्यवस्थापनमा सहयोग पुग्ने अपेक्षा राख्न सकिन्थ्यो तर त्यस्तो कुनै पनि विद्यालयमा भएको पाइएन ।

### ४.४.१ विद्यालयमा शिक्षक र विद्यार्थी बीच द्वन्द्व व्यवस्थापनको लागि  सरोकारवलाहरुले खेलेका भूमिकाहरु

#### क) विद्यालय व्यवस्थापन समितिको भूमिका

द्वन्द्व भनेको कुनै पनि व्यक्ति वा संघ संस्थाले आफ्नो अधिकार प्राप्त गर्न होस् या अरुलाई सो अधिकारबाट बञ्चित गराउनकालागि गर्न खोजिएको प्रयासबाट वैमनस्यता सिर्जना भई विभिन्न मतभेद, कलह, बेमेलको अवस्था सिर्जना हुन जाँदा देखा पर्ने रुप भएको हुँदा द्वन्द्वको परिणाम सकरात्मक नै हुन्छ भनेर भन्न भने सकिँदैन यसै कुरालाई ध्यानमा राखेर कुनै पनि संघसंस्था, विद्यालय वा व्यक्ति व्यक्ति बीचमा नै किन नहोस् यसको उचित व्यवस्थापन गरेर द्वन्द्वलाई बढ्दो रुपमा चर्किन नदिनु नै उचित देखिन्छ । जसका लागि विद्यालय व्यवस्थापनको पनि अपरीहार्य भूीमका रहेको हुन्छ । विद्यालया शिक्षक र विद्यार्थी बीच द्वन्द्व व्यवस्थापन शीर्षक चयन गरी गरिएको यस अध्ययन अनुसन्धानमा पनि छनोटमा परेका विद्यालयहरुमा शोधकर्ताको प्रत्यक्ष उपस्थितिमा अनुसूची १-५ सम्मका प्रश्नावलीहरुको आधारमा विद्यालयमा शिक्षक तथा विद्यार्थी बीचको द्वन्द्व व्यवस्थापनका लागि व्यवस्थापनको भूमिका सम्बन्धी अध्ययन गरिएको थियो । प्राप्त जानकारी अनुसार वि.व्य.स. अध्यक्षले प्र.अ.मार्फत वि.व्य.स. समितिको बैठक बोलाई विद्यालयमा सञ्चालित

गतिविधि तथा शिक्षक र विद्यार्थी बीचको बढ्दो द्वन्द्वलाई व्यवस्थापन गर्न छलफल तथा अन्तरक्रियाहरु गर्ने गरेको पाइयो ।

**ख) प्र.अ.को भूमिका**

विद्यालयमा शिक्षक र विद्यार्थी बचिको सुमधुर सम्बन्ध कायम गर्नका लागि प्र.अ.को भूमिका अपरिहार्य रहेको हुन्छ । साथै शिक्षक तथा विद्यार्थी बीचको सम्बन्धलाई नजिक गराएर उनीहरु बीचको राम्रो सम्बन्ध कायम राख्दै विद्यालयलाई एक नमुनाको रुपमा चिनाउन पनि प्र.अ.को उत्तीकै अग्रणीय स्थान रहेको पाइन्छ । विद्यालयमा शिक्षक, तथा विद्यार्थीहरुलाई जनचेतना जगाएर, विभिन्न कार्यक्रम, गोष्ठि तथा सभाका माध्यमद्वारा बेमेल तथा आपसी कटुताका कारण शिक्षक तथा विद्यार्थी दुवैमा पर्न जाने असरको बारेमा जानकारी गराइ शिक्षक तथा विद्यार्थीहरुलाई मार्गदर्शन प्रदान गर्न प्र.अ.को भूमिका महत्वपूर्ण रहेको पाइयो । विद्यालयमा हुने क्रियाकलापहरुलाई योजनाबद्धरुपबाट सञ्चालन गर्न कार्ययोजना निर्माण, मासिक योजना निर्माण गर्न शिक्षक, विद्यार्थी. विद्यालय व्यवस्थापन समिति बीच सम्बन्ध कायम गरी शिक्षक र विद्यार्थी बीचको बढ्दो द्वन्द्वको निराकरणको उपाय खोजि गर्नु, नियमति रुपमा विभिन्न क्रियाकलापहरु गराउनु शिक्षक तथा विद्यार्थीका कार्यक्रमलाई मूल्यांकन गरी उनीहरुलाई पुरस्कृति गर्नु, शिक्षक तथा विद्यार्थी जो कोहीमा पनि कुनै गल्ती एवम् कमी कमजोरी भेटिएमा सो गल्ती कमजोरी पुनः दोहोरिएर त्यसले बेमेलको अवस्था सिर्जना गर्दा द्वन्द्व बढ्ने अवस्था नरहोस् भनी गल्ती गर्नेलाई सल्लह सुझाव दिने तथा उसका गल्तीलाई निरुत्साहित पार्ने खालका कार्यहरु प्र.अ. बाट हुने गरेको पाइयो ।

**ग) शिक्षक शिक्षिकाको भूमिका**

विद्यालय एउटा सम्मानित एवम् शैक्षिक स्थायी संस्था हो । शिक्षक र विद्यार्थी बीचको द्वन्द्व व्यवस्थापनलाई प्रस्थान विन्दुको रुपमा विकसित गरी समाजका पथप्रदर्शक, शिक्षक शिक्षिका, विद्यालय व्यवस्थापन समिति, अभिभावक शिक्षकसंघ अन्य पदाधिकारीहरुको सहयोगमा द्वन्द्व व्यवस्थापन कार्यक्रमलाई अगाडि लैजान शिक्षकको श-सक्त भूमिका रहेको पाइन्छ । विद्यालयमा शिक्षक र विद्यार्थीबीचको आपसी बेमेललाई कम गरी द्वन्द्वको स्थितिलाई व्यवस्थापन गर्न विभिन्न गतिविधिहरु, विद्यार्थीसँगको अन्तरक्रिया, विद्यालय

प्रशासनसँग अध्ययन अध्यापनका क्रममा तथा अन्य कुनै कारणले गर्दा विद्यार्थीसाँग बेमेलको अवस्था सिर्जना हुन गई देखिएको द्वन्द्वको स्थितिको बारेमा जानकारी गराई समस्याको निराकरणमा उल्लेख्य भूमिका खेलेको पाइयो । साथै शिक्षक स्वयमले विद्यार्थीसँग उसका गल्ती कमीकमाजेरीका बारेमा सल्लाह सुझाव प्रदान गरेर विद्यार्थीको आफू प्रति हेर्ने दृष्टिकोणलाई सकरात्मक बनाइ द्वन्द्व व्यवस्थापन गर्न सक्दछन् । विद्यालय प्रशासनले राखेको वैठकमा सहभागी भई वि.नि., अभिभावक, शिक्षक अभिावकसंघ, विद्यार्थी प्रतिनिधिसँग आफ्ना समस्याको बारेमा तथा विद्यार्थीको व्यवहारका बारेमा छलफल तथा अन्तरक्रिया गरी बढ्दो द्वन्द्वलाई व्यवस्थापन गर्नका लागि सहयोग पुऱ्याउन उल्लेख्य भूमिका खेलेको पाइयो ।

छनोटमा परेको अध्ययन स्थललाई मध्यनजर गर्दा शिक्षकले अभिभावक, वि.नि., स्रोतव्यक्ति, प्र.अ., विद्यार्थी प्रतिनिधिसँग औपचारिक तथा अनौपचारिक दुवै तर्फबाट प्रत्यक्ष भेटगरी शिक्षक तथा विद्यार्थी बीचमा देखिएको द्वन्द्वको व्यवस्थापन गर्नका लागि उचित पहल गरिदिन तथा आफ्ना समस्या र विद्यार्थीका व्यवहार लगायत विद्यार्थीका माग र उनीहरुको रुचि, स्वभाव, नैतिकता जस्ता कुराहरुको बारेमा जानकारी गराई द्वन्द्व व्यवस्थापनका लागि सहयोग पुऱ्याएको पाइयो ।

अध्ययन अध्यापनका क्रममा विद्यार्थीलाई आफूप्रति केन्द्रित गरी विद्यार्थीको शिक्षक प्रतिको नकरात्मक सोचको अन्त्य भई सुमधुर सम्बन्ध कायम भई द्वन्द्व व्यवस्थापन होस् भन्ने उद्देश्यले मेहेनती, अध्ययनशील, कर्तव्यनिष्ठ, पढ्नमा रुचि देखाउने, आफूले लिएको कक्षा जाँचमा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरुलाई आफ्नै व्यक्तिगत खर्च गरेर पुरस्कृत गर्ने समय समयमा उनीहरुका इच्छा अनुसारका खेलकुद, बादविवाद, हाजिर जवाफ, जस्ता अतिरिक्त क्रियाकलाप गराई शिक्षक र विद्यार्थी बीचको बेमेलको अवस्थालाई कम गरी द्वन्द्व व्यवस्थापनमा अग्रसर रहेको पाइयो ।

**घ) अभिभावकसंघको भूमिका**

विद्यालयका विद्यार्थीका लागि घरपछिको दोस्रो शैक्षिक स्थल मानिन्छ । कुनै पनि अभिभावकले आफ्ना बाबुनानीहरुको इच्छा, आकांछा, समस्याका बारेमा पूर्णरुपले जानकारी प्राप्त गर्ने अवसर प्राप्त गरेका हुन्छन् । यसै कुरालाई मध्यनजर गर्दै विद्यालय तथा विद्यार्थीको सर्वाङ्गीण विकासका लागि विद्यालय परिवारले ९ देखि १३ जना सदस्य रहने गरी एक अभिभावक संघको गठन गर्ने गरेको पाइयो । यसरी गठन भएको यो संघले पनि विद्यालयमा रहेको शिक्षक र विद्यार्थी बीचको बढ्दो द्वन्द्वलाई व्यवस्थापन गर्नका लागि विभिन्न विकल्पहरु खोज्नका लागि अपरिहार्य भूमिका निर्वाह गर्दै आएको पाइन्छ । विद्यालय प्रशासनले राखेको अभिभावक भेलामा अभिभावकसँग छलफल अन्तरक्रिया गरेर, आफ्ना बाबुनानीहरुमा देखिएका समस्या, शिक्षकले गरेका व्यवहार, बाबुनानीहरुले शिक्षक प्रति हेर्ने दृष्टिकोणका बारेमा छलफल गरी राय सल्ला तथा सुझाव प्रदान गर्दै आएको पाइयो । यसका साथै विद्यार्थी प्रतिनिधिसँगको पनि प्रत्यक्ष तथा अप्रत्य भेट गर्नु का साथै शिक्षकहरुसँग पनि बेला बेलामा भेट भएर उनीहरुको समस्याको बारेमा राय सल्लाह लिई शिक्षक तथा विद्यार्थी बीच कसरी बालमैत्रीपूर्ण वातावरणको सिर्जन गर्ने भन्ने बारेमा एक मेरुदण्डका रुपमा कार्य गर्न सफल रहेको कुरा पनि अनुसन्धानका क्रममा जानकारी प्राप्त भएको थियो ।

छनोटमा परेको अध्ययन स्थलबाट प्राप्त जानकारी अनुसार अभिभावकसंघले वि.नि., स्रोत व्यक्ति, प्र.अ. समक्ष शिक्षक र विद्यार्थी बीचमा हुनसक्ने समस्या र त्यसले गर्दा देखापर्ने बेमेलको वातावरण र परिणामस्वरुप देखिने द्वन्द्वका बारेमा जानकारी गराउँदै बेलैमा सजग रही द्वन्द्व व्यवस्थापन गर्न अपरिहार्य भूमिका रहेको कुरा पनि अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो ।

**ङ) विद्यार्थीको भूमिका**

कलिलो मष्तिस्क बोकेका स-साना बालबालिकाहरुमा पनि विभिन्न इच्छा, आकंछा र चाहनाहरु प्रसस्त मात्रा रहेका हुन्छन् । बालबालिकाले आफूले चाहेको कुरा नपाएमा, आफ्नो अधिकार प्राप्त गर्न नसेको खण्डमा डर, त्रास र भयबाट केही प्रभावित भएर

सक्रिय रुपमा व्यक्त गर्न नसकेता पनि भित्र-भित्रै अनेक तरहबाट आफूलाई असैह भएको कुराप्रति प्रतिकार जनाइ रहेका हुन्छन् जसबाट शिक्षक र विद्यार्थी बीच द्वन्द्वको सिर्जना हुने गर्दछ । यसरी सिर्जना हुन जाने द्वन्द्वको व्यवस्थापन अथवा बढ्दो द्वन्द्वलाई कमगर्नका लागि विद्यार्थीको पनि अपरिहार्य भूमिका रहेको हुन्छ । छनोमा परेका विद्यालयलाई हेर्दा विद्यालयमा शिक्षक र विद्यार्थी बीचको बेमेलको अवस्था कम गर्नका लागि विद्यार्थीहरुले शिक्षकले आफूहरुलाई गरेको व्यवहार मन नपरेको खण्डमा आफ्ना सार्थीहरुबाट एक जना प्रतिनिधि बनाएर उसकै माध्यमबाटक कक्षमा शिक्षकसँग छलफल तथा अन्तरक्रिया गरी द्वन्द्व व्यवस्थापन मा उल्लेखनीय भूमिका निर्वाह गरेको पाइयो ।

त्यसैगरी विद्यालय प्र.शासन., अभिभावकसंघ तथा अन्य राजनीतिक कारणले आफूहरुमा पर्न गएका समस्याका बारेमा पनि पहिला शिक्षकसँग अन्तरक्रिया गर्ने र त्यहाँबाट समाधान हुन नसकेमा विद्यालय प्रशासन तथा विद्यालय प्रशासनले राखेको छलफल अन्तरक्रिया कार्यक्रममा आफ्ना समस्याहरु व्यक्त गरी समस्याको निराकरण गर्नुका साथै शिक्षक र विद्यार्थी बीचको बेमेल तथा द्वन्द्वलाई व्यवस्थापन गर्न सक्रिय भूमिका निर्वाह गरेको कुरा अनुसन्धानका क्रममा जानकारी प्राप्त भएको थियो ।

### ४.४.२ विद्यालयमा शिक्षक र विद्यार्थी बीच द्वन्द्व व्यवस्थापनका लागि भएका प्रयासहरु

द्वन्द्व कुनै पनि व्यक्ति वा संस्थासँगको बेमेलको अवस्था सिर्जना भइ सकेपछि त्यसको परिणाम स्वरुप उत्पन्न हुने तत्व भएकै कारण यसले सधै सकारात्मक परिणाम दिन्छ भन्ने हुँदैन । वर्तमान अवस्था विभिन्न कारणले गर्दा शिक्षक र विद्यार्थीका बीचमा झन् झन बढ्दै गइरहेको द्वन्द्वलाई नकरात्मक परिणाम निस्कनबाट जोगाइ त्यसलाई व्यवस्थापन गर्नका लागि विद्यालय व्यवस्थापन समितिका सरोकारवलाहरुको मात्र नभई स्थानीय तह, दलित तथा जनसेवा संघ लगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहबाट समेत विभिन्न प्रयासहरु चालिदै आएका छन् जसलाई निम्नानुसार उल्लेख  गरिएको छ :

**क) स्थानीय प्रयासहरू**

विद्यालयमा शिक्षक र विद्यार्थी बीचको द्वन्द्व व्यवस्थापन नामक शीर्षक चयन गरी गरिएको यस अध्ययन अनुसन्धानका सिलसिलामा विद्यालयमा बढ्दै गइरहेको शिक्षक र विद्यार्थी बीचको द्वन्द्व व्यवस्थापनका लागि स्थानीय निकायबाट के के प्रयासहरु भएका छन् त भनि गरिएको अध्ययन अवलोकनमा स्थानीय तहबाटै द्वन्द्व व्यवस्थापनका लगि समितिको गठन भएको पाइयो जसको सभापति प्रमुख जिल्ला अधिकारी हुने हुँदा प्रशासनसित प्रत्यक्ष सम्बन्ध रहेको पाइन्छ । यसले समाज कल्याण मन्त्रालयको निर्देशनमा स्थानीय रुपमा संघसंस्थाहरुसँग हातेमालो गर्दै बाल दिवस मनाउने, बाल समूहलाई पुरस्कार दिने कार्यहरु गर्नुका साथै विद्यालय स्तरमा पनि शिक्षक र विद्यार्थी बीचको द्वन्द्वलाई रोक्न शैक्षिक सहयोग र अवसर जुटाउन जिल्ला बाल कल्याण समितिको सहयोगी जिल्ल बालसंरक्षण समिति समेत रहेको जसले द्वन्द्वबाट प्रभावित बालबालिकालाई हेर्ने भए पनि विद्यालयमा शिक्षक र विद्यार्थी बीचको द्वन्द्वको व्यस्थापन गर्न पनि उल्लेख्य भूमिका खेलेको जानकारी प्राप्त भएको थियो ।

**ख) दलित सेवा संघ, जनसेवा संघ**

यो संस्थाले पनि शिक्षक र विद्यार्थीबीच बढ्दो द्वन्द्वलाई व्यवस्थापन गर्न सह्रानीय भूमिका निर्वाह गरेको पाइयो । यी संस्थाहरुले दलित, विपन्न तथा विपन्न वर्गका लागि भर्ना गरिदिने, कपी, कलम, स्कुल व्याग दिने र विद्यालयमा खेलकुदाका सामग्रीहरु समेत उपलब्ध गराउने कार्य गरेका छन् जसबाट विद्यालयमा धनी र गरिब बीचको खाडलको अन्त्य हुनुका साथै सबै विद्यार्थीले समान रुपमा पढ्न पाउदा विद्यार्थीमा आत्मग्लानी एवम् नैराश्यताका कारण शिक्षक र विद्यार्थीमा बढ्ने द्वन्द्वलाई केही हदसम्म भएपनि व्यवस्थापन गर्न सहयोग पुगेको जानकारी प्राप्त भएको थियो ।

### ४.४.३ विद्यालयमा शिक्षक र बिद्यार्थी बीच द्वन्द्वव्यवस्थापनले पार्ने सकरात्मक प्रभाव र व्यवस्थापन नहुँदा पर्ने नकरात्मक प्रभावहरु

विद्यालय भनेको समुदायमा स्थापित एक सामाजिक संस्था हो । विद्यालयमा शिक्षक र विद्यार्थी बीच द्वन्द्व व्यवस्थापन शीर्षक चयन गरी गरिएको यस अध्ययन अनुसन्धानमा द्वन्द्वको कारणबाट विद्यालयमा शिक्षक र विद्यार्थी बीच के कस्तो परिणाम आउन सक्दछ भन्ने विषयलाई आधार मानेर अध्ययन गर्ने सिलसिलामा छनोटमा परेको विद्यालयका शिक्षक, विद्यार्थी, अभिावक संघ बाट प्राप्त सुचनाका आधारमा द्वन्द्वले निम्त्याउने नकरात्मक प्राभाव र द्वन्द्वको सही व्यवस्थापनले पार्ने सकरात्मक प्रभावलाई तालिकामा यसरी प्रस्तुत गरिएको छ :

**तालिका नं. १**

| **शिक्षक र विद्यार्थीका बीचमा पार्ने द्वन्द्वको नकरात्मक प्रभाव** | **शिक्षक र विद्यार्थीका बीचमा पार्ने द्वन्द्वव्यवस्थापनका सकरात्मक प्रभाव** |
|---|---|
| शिक्षक र विद्यार्थी बीचको दुरीलाई झन् टाढा राख्ने सम्भावना देखिन्छ । | समस्या समाधानको उपायहरु खोज्नमा सघाउ उऱ्याउँदछ । |
| बदलाको भावना | प्रतिवद्धतामा वृद्धि |
| प्रतिउत्पादक वातावरणको सिर्जना | स्पष्ट र पूर्ण दोहोरो सञ्चारमा वृद्धि हुने |
| सिर्जनशीलतामा ह्रास | नयाँ सोच र धारणामा वृद्धि गराउने |
| आतङ्क, कोलाहल, र अराजक स्थिति सिर्जना हुन सक्दछ | उचित व्यवस्थापन गर्न सकेमा पुनः शान्तिपूर्ण वातावरण सिर्जना गर्न सकिन्छ |
| गलत कार्यशैलीको अनुसरण हुन सक्ने | परिश्रमी पनमा वृद्धि |
| झै झगडा | समस्या बुझ्ने र विश्लेषण गर्ने नयाँ सोचको विकास |
| आत्मग्लीन बढ्नु | समस्या समाधानका नीति निर्माण र कार्यान्वयनमा सहयोग |
| नियमीत कार्यमा अवरोध | समझदारीको विकास |
| गलत निर्णयको सम्भावना | सिर्जनशीलताको विकास |
| श्रम, समय  र साधनको क्षती | संयमतामा वृद्धि |
| निजी स्वार्थ पूर्तीमा सिमित हुनु | उत्पादनशीलतामा वृद्धि |
| अनुशासन हिनता | तार्किक कुशलतामा वृद्धि |

| | |
|---|---|
| भय, डर र त्रासदीपूर्ण वातावरणको सिर्जना | उच्च मनोवल |
| आपसि वैमनस्यता | नेतृत्व सीपको विकास |

अध्ययनको क्रममा प्राप्त गरिएको द्वन्द्वको नकरात्मक प्रभाव र द्वन्द्व व्यवस्थापन पछिको सकरात्मक प्रभावको विवेचना गर्दा विद्यालयमा शिक्षक र विद्यार्थी बीच विद्यालयमा बढ्दो द्वन्द्वलाई समाधान गर्न नसक्दा त्यसको प्रभाव शिक्षक, विद्यार्थी र उनीहरूको शैक्षिक उपलब्धि साथै अभिभावक सम्पूर्णमा नकरात्मक हुने र द्वन्द्वलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्दा विद्यालयको शैक्षिक वातावरणमासकरात्मक प्रभाव परी विद्यालयको केन्द्र विन्दुका रूपमा रहेका विद्यार्थीहरूको राम्रो सिकाइ भई सर्वाङ्गीण विकासमा टेवा पुग्न सक्दछ भन्ने धारणा बुझियो । द्वन्द्वले पार्ने सकरात्मक र नकरात्मक प्रभावलाई राम्रो बुझ्न सक्दा द्वन्द्व व्यवस्थापनमा महत्वपुर्ण सहयोग पुग्ने देखियो ।

# परिच्छेद पाँच :
# प्राप्ति, निस्कर्ष र सुझाव

## ५.१ प्राप्ति

विद्यालयमा शिक्षक र विद्यार्थी बीच द्वन्द्व व्यवस्थापन नामक शीर्ष चयन गरी गरिएको यो अध्ययन अनुसन्धानमा द्वन्द्वको पहिचान, शिक्षक र विद्यार्थी बीच द्वन्द्वलाई व्यवस्थाप गरी कसरी सुमधुर सम्बन्धको व्यवस्थापन गर्न सकिन्छ  भन्ने कुरालाई मध्यनजर गरी विद्यालयमा शिक्षक र विद्यार्थी बीच हुने द्वन्द्वको वर्तमान स्थिति, विद्यालयमा शिक्षक र विद्यार्थी बीच द्वन्द्व व्यवस्थापनको प्रभावकारिता, विद्यालयमा द्वन्द्वका कारणले शिक्षक र विद्यार्थी बीच देखिएका समस्याहरुको, विद्यालयमा द्वन्द्वका कारण शिक्षक र विद्यार्थी बीच देखिएका समस्याहरु निराकरणका उपायहरु पत्ता लगाउने  जस्ता उद्देश्यहरुमा केन्द्रित रही यस शोध तथा अनुसन्धान कार्यको शुरुवात गरिएको थियो । निश्चित उद्देश्यहरु लिएर गरिएको यस अध्ययन अनुसन्धानबाट भएको प्राप्तिलाई निम्नानुसार विश्लेषण गरिएको छ :

विद्यालयमा शिक्षक र विद्यार्थी बीच द्वन्द्वको स्थिति पहिचान गर्ने क्रममा विद्यालयमा हुने द्वन्द्वका स्रोतहरु, द्वन्द्वरत पक्ष, द्वन्द्वका तह, विद्यालयका सरोकारवला तथा अन्य संघ संस्थाहरुले शिक्षक र विद्यार्थीका बीचमा द्वन्द्वव्यवस्थापनका निम्ति अपनाउँदै गरेका रणनीतिको पहिचान गर्ने क्रममा नमूना छनौटमा परेका विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावक संघ (अनुसूची १ देखि ५का प्रश्नावली) अनुसारका धारणाहरुको समीक्षा गर्दा विद्यालयमा शिक्षक र विद्यार्थी बीच द्वन्द्वहुनुमा फरक उद्देश्य, पक्षपातपूर्ण व्यवहार, फरक व्यक्तित्व, शंका उपशंका, अपूरो सञ्चार जस्ता प्रसस्त स्रोतहरुको कारणले व्यवस्थापन गर्न नसकिएको पाइयो । शिक्षक-शिक्षक, शिक्षक-विद्यालय प्रशासन, विद्यालय प्रशासन र विद्यालय व्यवस्थापन समिति जस्ता द्वन्द्वरत पक्ष रहेको पाइयो । व्यक्ति-व्यक्ति भित्रको द्वन्द्व, अन्तर वैयक्तिक द्वन्द्व, समूह भित्रको द्वन्द्व, अन्तर समूहको द्वन्द्व र समुदायिका अभिावक र शिक्षक बीचको द्वन्द्वहरु द्वन्द्वका तह रहेको र विद्यालयले अपनाउँदै आएका छलफल, सहमति, सहकार्य, एकता जस्ता नीति तथा रणनीति प्रयाप्त मात्रामा नभएको विद्यालय

प्रशासन, प्र.अ., विद्यार्थी, शिक्षक, अभिभावक संघले पनि आफ्नो भूमिकालाई अझ बढी सक्रिय ढंगले पूरा गर्नु पर्ने तथ्य प्राप्त गरिएको थियो ।

शिक्षक र विद्यार्थी बीचको द्वन्द्व व्यवस्थापनको प्रभावकारिता के कस्तो रहेको छ भनेर अध्ययन अनुसन्धान गरिएको अनुसन्धानका क्रममा शिक्षक र विद्यार्थी बीच द्वन्द्व व्यवस्थापन गर्नका लागि सरोकारवलाहरुले आ-आफ्नो ठाउँबाट सहयोग गरेको पाइयो । विद्यालयमा विद्यार्थीहरुको व्यवहारमा परिवर्तन आएको, बालक देखि बालक सम्मको अवधारणाले ज्ञान, सीप र धारणामा परिवर्तन भएको जसले गर्दा एउटा बालक नमूना बनेर अध्ययन क्रियामा सक्रिय रुपले लाग्न सकेको कुरा अनुसन्धानका क्रममा पत्ता लागेको थियो ।

शिक्षक र विद्यार्थी बीचको द्वन्द्व व्यवस्थापनले शिक्षक र विद्यार्थी बीच हुने खाडललाई कम गरी सुमधुर सम्बन्ध कायम भएको, विद्यार्थीको भावना परिवर्तनभई नौलो सिर्जनात्मक क्रियाकलापद्वारा अध्ययन अध्यापन क्रियामा सघाउ पुग्ने गरेको, द्वन्द्व व्यवस्थापनले गर्दा शिक्षक र विद्यार्थीको नजिकको सम्बन्धका कारण विद्यार्थी तथा शिक्षकमा नौलो जोश जाँगर र आसा पलाउनुका साथै मैत्रीपूर्ण ढङ्गले पठन पाठन क्रिया हुने गरेको जानकारी प्राप्त भएको थियो ।

विद्यालय एउटा सामाजिक संगठन भएकाले नमूना छनौटमा परेका यस अध्ययनका जनसंख्याबाट प्राप्त जवाफ मार्फत विद्यालयमा शिक्षक र विद्यार्थी बचिको द्वन्द्व गहिराइ सम्म रहेको र द्वन्द्वका कारण शैक्षिक उपलब्धिमा नकारात्मक पर्नुका साथै द्वन्द्व व्यवस्थापनका अपुरा एवम् असफल प्रयास भएको पाइयो । यसको सुधारको निम्ति द्वन्द्व व्यवस्थापनका सिद्धान्तहरुको व्यवहारिक उपयोगको आवश्यकता रहेको पनि अध्ययन अनुसन्धानबाट जानकारी प्राप्त भएको थियो ।

## ५.२ निस्कर्ष

विद्यालयमा शिक्षक र विद्यार्थी बीच द्वन्द्व व्यवस्थापन शीर्षकको यो शोधमा विद्यालय तहमा द्वन्द्वको पहिचान गर्ने, द्वन्द्व व्यवस्थापनले पार्ने प्रभावको अध्ययन गर्न र विद्यालयले शिक्षक र विद्यार्थी बीच द्वन्द्व व्यवस्थापनका निम्ति अपनाउनु पर्ने सकरात्मक उपायहरूको सुझाव पेश गर्ने, जस्ता उद्देश्य राखि शोधकार्यको शुरूवात गरिएको थियो । अध्ययनका सिलसिलामा आवश्यक पर्ने तथ्याङ्क संकलन गर्ने प्रक्रियाका रूपमा प्रयाप्त सूचना र जानकारी गहिराईसम्म पुगि प्राप्त गर्न सकियोस् भन्ने धारणा राखि प्रश्नावली र स्थलगत अवलोकन फारमका रूजुसूची जस्ता वैधानिक प्राथमिक स्रोत र विद्यालय अभिलेख, विद्यालय सुधार योजना, शिक्षाशास्त्री, व्यवस्थापनविद्, द्वन्द्वविद्हरूका रचना, पत्रपत्रिकामा प्रकाशित लेखरचनालाई द्वितीय तथ्याङ्कका स्रोतका रूपमा प्रयोगमा ल्याइ अध्ययन कार्यको निष्कर्षमा पुगिएको छ ।

विद्यालयसँग प्रत्यक्ष सरोकार राख्ने सरोकार वालाका बीचमा आ-आफ्ना फरक धारणा, सोच, विचार, रुचि, कार्यसम्पादनका तरिका, तत्सम्बन्धी नीति नियम र यसको कार्यान्वयनका प्रक्रिया एवम् पद्धतिमा फरक धारणा र विचार आउँदछन् जसका कारण द्वन्द्व पैदा हुन्छ । यसलाई स्वभाविक मानिन्छ शिक्षक र विद्यार्थी बीचको द्वन्द्वलाई कायमै रहन दिइयो भने शिक्षक र विद्यार्थी बीचको सुमधुर सम्बन्ध रहन सक्दैन । द्वन्द्वका कारण र परिणामको सही र प्रभावकारी व्यवस्थापन गरेमा संस्थागत लक्ष्य प्राप्तिको मार्गदर्शकको रूपमा आउँदछ । द्वन्द्वरत पक्षका बीचमा प्रत्यक्ष सम्बन्ध बढाई प्रारम्भिक अवस्था देखि नै सम्बन्ध बढाउने, सम्बन्धलाई निरन्तर रूपमा पारस्परिक बनाउन सके द्वन्द्वको सही व्यवस्थापन हुन सक्दछ भन्ने निष्कर्ष निकालिएको छ ।

विद्यालयमा शिक्षक र विद्यार्थी बीच द्वन्द्वको स्थिति पहिचान गर्ने क्रममा शोधकर्ताले शिक्षक स्वयं भित्र आ-आफ्ना आवश्यकता परिपूर्ती, उसका इच्छा र चाहना, उसको व्यक्तिगत, पारिवारिक, सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक परिवेश अनुसार आफूमा परिवर्तन ल्याउन नसकेका बाधा, अड्चन र त्यसको समाधान पनि शिक्षक र विद्यार्थीमा द्वन्द्व बढ्दछ । यसका अतिरिक्त द्वन्द्वका स्रोत, परिणाम, तह द्वन्द्व व्यवस्थापनका रणनीतिका बारेमा

अध्ययनका जनसंख्या बीचबाट उद्देश्य केन्द्रित हुन, खुल्ला धारणा र अभिव्यक्तिबाट वस्तुगत जानकारी लिन प्रश्नावली (अनुसूची १-५ ) निर्माणका साथै विद्यालयका व्यवस्थापकका रूपमा रहुन भएका प्र.अ., शिक्षक, विद्यार्थी, शिक्षक अभिभावक संघका उत्तरहरुका आधारमा तथ्याङ्कलिई निस्कर्ष निकालिएको हुँदा द्वन्द्व व्यवस्थापनको सही स्थिति पत्तालगाउन सकिएको निष्कर्ष निकालिएको छ ।

विद्यालयको शिक्षण सिकाइ क्रियाकलाप र शिक्षक र विद्यार्थी बीचको सुमधुर सम्बन्ध कायम राख्नका लागि गरिएका प्रयासहरुको बारेमा अध्ययन गर्ने क्रममा नमूना छनौटमा परेका विद्यालयहरूको स्थलगत भ्रमण, विद्यालय अभिलेख अध्ययन र प्र.अ. तथा शिक्षकसँग, एवम् शिक्षक अभिभावक संघका अध्यक्षसँग प्रश्नावली मार्फत प्राप्त तथ्याङ्क लाई मुख्य आधार मानेको र सिकाइ उपलब्धिलाई प्रभाव पार्ने तत्वहरू र द्वन्द्व  सिर्जना गराउने तत्वको बीचमा राम्रो सम्बन्ध जुटाउने प्रयास भएको छ । जुन थप अध्ययनका लागि समेत स्रोत र सन्दर्भ हुनसक्ने निष्कर्ष निकाल्न सकिन्छ ।

शिक्षक र विद्यार्थी बीच द्वन्द्वको सही व्यवस्थापन गर्न विद्यालयलाई सुधारात्मक उपायको परम्परागत र आधुनिक धारणा, द्वन्द्वको व्याख्या, विश्लेषण गर्न, विश्लेषणात्मक, भावनात्मक र सुझावात्मक विधि द्वन्द्व व्यवस्थापन गर्न चाखमा आधारित, न्यायमा आधारित र शक्तिमा आधारित तरिका र द्वन्द्व व्यवस्थापन गर्न कुशल, योग्य, दक्ष र सक्षम व्यस्थापकले अपनाउने प्रचलित तरिका द्वन्द्वको सिर्जना र द्वन्द्व व्यवस्थापनका बीचमा रहेर व्यवस्थापन गर्न सकिने कुराको समेत सही विश्लेषण गरी लागू गर्न प्रेरणा प्रदान गरेको छ । द्वन्द्वलाई परम्परागत शैलीमा मात्र बुझ्दा यसले विद्यालयमा नकरात्मक प्रभावमात्र पार्दछ भन्ने हो तर द्वन्द्व सुधारका लागि हो । द्वन्द्व समझदारी र स्वस्थ्य प्रतिस्पर्धाका लागि हो । कुनै पनि खोज अनुसन्धानका लागि द्वन्द्व हुनपर्दछ तर मानव अस्तित्वनै मेटिने गरि भने हुनु हुँदैन भन्ने जस्ता निष्कर्ष निकालिएको थियो ।

## ५.३ सुझावहरू

विद्यालयमा शिक्षक र विद्यार्थी बीच द्वन्द्व व्यवस्थापन शीर्षकको शोधपत्र तयारीका क्रममा छनौटमा परेको अध्ययन स्थलमा अवलोकन, अन्तरवार्ता, छलफलका साथै खुल्ला रूपमा विद्यालयका प्र.अ., शिक्षक, वि.व्य.स.का अध्यक्ष र शिक्षक अभिभावक संघका अध्यक्षसँग प्रश्नावली निर्माण गरी प्राप्त गरिएका सूचना, जानकारी एवम् सुझावका आधारमा विद्यालयमा शिक्षक र विद्यार्थी बीच द्वन्द्व व्यवस्थापन गर्नको लागि विद्यालयका सरोकारवला तथा सम्बन्धित पक्षहरुले उल्लेखनीय भूमिका निर्वाह गर्दै आए पाइयो तर पनि अनुसन्धानका क्रममा शिक्षक र विद्यार्थी बीचको द्वन्द्वलाई अझ बढी प्रभावकारी रुपले व्यवस्थापन गर्नका लागि सरोकारवलाहरुका लागि निम्नलिखित बुँदामा सुझावहरु पेश गरिएको छ :

क) विद्यालयलाई राजनीतिक हस्तक्षेपबाट पुक्त गराउनु पर्ने ।

ख) शिक्षकहरुले अध्ययन अध्यापनका क्रममा पूरानै परिपाटी अँगाल्ने र विद्यार्थीलाई केवल रित्तो भाँडोको संज्ञा नदिइ विद्यार्थी केन्द्रित विधिको प्रयोगद्वारा अध्यापन गरेमा शिक्षक र विद्यार्थी बीच प्रभावकारी ढङ्गबाट द्वन्द्वको व्यवस्थापन हुने देखिन्छ ।

ग) स्कूलमा गर्ने सम्पूर्ण कामको जिम्मा भनेको शिक्षक तथा प्र.अ.को मात्रै हो भन्ने नसम्झि विद्यालय व्यवस्थापन समिति पनि सक्रिय रूपमा शिक्षक र विद्यार्थी बीचको द्वन्द्व व्यवगस्थापनमा लागेको खण्डमा द्वन्द्वलाई व्यस्थित ढङ्गबाट व्यवस्थापन गर्न सकिन्छ ।

घ) शिक्षकहरुले समुदायमा अभिभावक, विद्यालयमा विद्यालय प्रसासनसँग भएको बेमेल, आफ्नो सेवासुविधामा भएको कटौति जस्ता समस्याहरुलाई सम्बन्धित ठाउँमा नै छलफल तथा अन्तरक्रिया गर्ने तर विद्यार्थीसँग मित्रवत व्यवहार नै प्रदर्शन गरेको खण्डमा शिक्षक र विद्यार्थी बीचको द्वन्द्व व्यवस्थापनमा थप सहयोग पुग्न सक्दछ ।

ङ) प्र.अ. विद्यालयको मेरुदण्ड रहेको कारण विद्यालयका सम्पूर्ण कार्यबोझहरु प्र.अ.ले नै सम्हाल्नु पर्ने भए पनि कार्यभारलाई बोझ नसम्झिकन शिक्षक र विद्यार्थी बीच देखिएको द्वन्द्वलाई व्यवस्थापन गर्ने तर्फ सक्रिय रुपले लाग्नु पर्दछ ।

च) अभिभावकहरुले पनि आफ्ना बाबुनानीहरुलाई विद्यालय पठाए पछि दिनभरको झन्झटबाट मुक्त भएको र विद्यालयमा विद्यार्थीलाई के कसरी अध्यापन गराउने, कस्तो

शिक्षा दिने भनेको केवल शिक्षकको जिम्मेवारी हो भन्ने नसम्झि बेला बेलामा विद्यालयमा आएर छलफल, अन्तरक्रिया तथा समस्याका बारेमा बुझ्ने गरेको खण्डमा वर्तमान अवस्थामा शिक्षक र विद्यार्थीमा देखिएको द्वन्द्वलाई व्यवस्थापन गरी शिक्षक र विद्यार्थी बीचको सुमधुर सम्बन्ध कायम गर्नमा थप सहयोग मिल्दछ ।

छ) विद्यार्थीको तुलनामा शिक्षक भनेको सचेत तथा शिक्षित व्यक्ति भएको हुँदा विद्यार्थीबाट हुन जाने सामान्य कमी कमजोरीलाई बदलाको भावनाले नहेरी उनीहरुलाई सम्झाउने तथा उचित रायसल्लाह प्रदान गर्ने कार्य  गर्नु पर्दछ ।

ज) समुदाय तथा सम्बन्धित सरोकार वालाहरुले अझ बढी सक्रिय भूमिका निर्वाह गर्नुका साथै जनचेतनाको अभिवृद्धि गर्नु पर्ने देखिन्छ ।

झ) विद्यार्थीहरु केवल हल्ला र राजनीतिक गतिविधिको प्रभावमा नपरि आवश्यक मागमा मात्र आधारित रहि विद्यालय प्रशासन र शिक्षक बीचको सम्बन्धलाई बलियो बनाउन रचनात्मक भूमिका निर्वाह गरेको खण्डमा शिक्षक र विद्यार्थी बीचमा पनि सुमधुर सम्बन्ध कायम हुन सक्दछ ।

यसरी विद्यालयमा शिक्षक र विद्यार्थी बीच द्वन्द्व व्यवस्थापनका लागि आवश्यक पर्ने कुराहरुलाई सुझावको रुपमा पेश गरिएको छ ।

## सन्दर्भग्रन्थहरु


**उप्रेती, विष्णुराज** (२०६२), द्वन्द्व व्यवस्थापन, **भृकुटी एकडेमि पब्लिकेसन, प्रदर्शनीमार्ग, काठमाण्डौं ।**

**काफ्ले, प्रा. वाशुदेव र साथीहरु** (२०५९), शैक्षिक प्रशासन र सुपरीवेक्षण, **भोटाहिटी काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।**

**कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर** (२०५९) शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार, **भोटाहिटी काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।**

**खनाल, पेशल** (२०६०), शैक्षिक अनुसन्धान पद्धति, **किर्तिपुर काठमाण्डौ : सनलाइट विद्यार्थी पुस्तक पसल ।**

**गुरुङ्ग, शिलाठाकुर ( २०५८),** द्वन्द्व पिडित बालबालिकाको लागि शैक्षिक व्यवस्थापन, **त्रि.वि.वि. शिक्षा शास्त्र विभागमा प्रस्तुत ।**

**जेम्स, इभर्स (२०६६ पौष),** विद्यालयको समस्या शिक्षण होइन व्यवस्थापन, **शिक्षक मासिक पत्रिका**
**हिमाल एसोसियशनका लागि बसन्त थापा द्वारा प्रकाशित पाटन ढोका ललितपुर ।**

**ढकाल, कृष्णप्रसाद** (**२०६७,जेष्ठ**), शिक्षक असन्तुष्टिको कारण खोजौं, **शिक्षक मासिक पत्रिका , हिमाल एसोसियशनका लागि बसन्त थापा द्वारा प्रकाशित पाटन ढोका ललितपुर ।**

**तिमिल्सिना, विनोद खण्ड,** शैक्षिक अनुसन्धान पद्धति सहायक, **क्षितिज प्रकाशन, किर्तिपुर काठमाण्डौ ।**

**थापा, विजयकुमार र साथिहरु** (२०६२), व्यवस्थापन सूचना प्रणाली र मानव संसाधन व्यवस्थापन, **विद्यार्थी पुस्तक भण्डार भोटाहिटी, काठमाण्डौ ।**

**प्रधान, गौरी** (२०६०), युद्धको भूमरिमा बालबालिकाहरु सिविन, **काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।**

**पोखेल, कृष्ण** (२०५६), विश्वका प्रमुख राजनैतिक विचारक र वाद, **एम. के. पब्लिशर्स एण्ड डिस्ट्रीव्यूटर्स भोटाहिटी, काठमाण्डौ ।**

**पौडेल, तुलसीराम** (२०६४), समाजका नमूनाहरु, **निमा पुस्तक प्रकाशन, प्रदर्शनी मार्ग काठमाण्डौ ।**

**लुइटेल, चक्रपाणी** ( २०६६), ग्रामिण विकास, **प्रधान बुक हाउस प्रदर्शनीमार्ग काठमाण्डौं ।**

**वाग्ले , मनप्रसादन र कार्की उपेन्द्र कुमार** (२०६१), शिक्षाका आधारहरु, **भोटाहिटी काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।**

**रिजाल, खगेश्वर** (२०६७), विद्यालय तहमा द्वन्द्व व्यवस्थापन, **अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि.वि., सप्तगण्डक बहुमुखी क्याम्पस, भरतपुर ।**

**शर्मा, कुवेरनाथ** (२०६१), शिक्षणशास्त्र, **काठमाण्डौं : रत्न पुस्तक भण्डार ।**

**सापकोटा, रमाकान्त** (२०५९), शैक्षिक संगठनहरुमा द्वन्द्व व्यवस्थापन गर्न नृतृत्वको भूमिका, **त्रि.वि.वि. शिक्षाशास्त्र विभागमा प्रस्तुत विश्लेष्णात्मक एक अध्ययन ।**

**श्रेष्ठ, चन्द्रबहादुर र वस्न्यात र सम्भना** (२०६५), शिक्षाको परिचय, **भूडिपुराण प्रकाशन, वागवजार काठमाण्डौ ।**

सामुदायिक विद्यालयमा शिक्षक तथा विद्यार्थी बीच द्वन्द्व व्यवस्थापन

अनुसूची १

शिक्षकका लागि तयार पारिएको अन्तरवार्ता प्रश्नावली

नामः लिङ्गः

विद्यालय : ठेगानाः

शैक्षिक योग्यता : कार्य अनुभवः

1. तपाईले शिक्षक पेशामा सेवा गर्दै आउनु भएको कति वर्ष भयो ?

.....................................................................................................
.......

2. द्वन्द्व भनले के बुझ्नु हुन्छ ?

.....................................................................................................
....

3. व्यक्ति -व्यक्ति बीचको द्वन्द्व र अन्तर संगठन द्वन्द्वमा के भिन्नता छ ?

.....................................................................................................
.........

4. शिक्षक र विद्यार्थी बीचको बढ्दो द्वन्द्वले शिक्षामा कस्तो प्रभाव पार्दछ ?

.....................................................................................................
.........

5. द्वन्द्व व्यवस्थापन भनेको के हो ? यसलाई कसरी व्यवस्थित गर्न सकिन्छ ?

.....................................................................................................
.........

6. द्वन्द्व व्यवस्थापनले संघसंस्था वा संगठनमा के कस्तो प्रभाव पार्दछ ?

.....................................................................................................
.........

7. शिक्षक र विद्यार्थी बीच द्वन्द्व व्यवस्थापन गर्नका लागि के कस्तो तरीका अपनाउन सकिन्छ ?

.......................................................................................................

.........

८. शिक्षक र विद्यार्थी बीचको द्वन्द्व व्यवस्थापनका लागि विद्यालय प्रशासन र विद्यार्थीको भूमिका कस्तो हुनु पर्ला ?

.......................................................................................................

.........

सामुदायिक विद्यालयमा शिक्षक तथा विद्यार्थी बीच द्वन्द्व व्यवस्थापन

अनुसूची २

प्रधानाध्यापकका लागि तयार पारिएको अन्तरवार्ता प्रश्नावली

नामः ठेगानाः

विद्यालय : शिक्षण अनुभव

शैक्षिक योग्यता : प्रशासनिक अनुभवः

1. विद्यालयको प्र.अ. पदमा सेवा गर्दै आउनु भएको कति वर्ष भयो

.........................................................................................................

.........

2. प्रशासन सञ्चालनको क्रममा के कस्तो अनुभव प्राप्त गर्नुभएको छ ?

.........................................................................................................

.........

3. शिक्षक र विद्यार्थीमा द्वन्द्व बढ्नुका मुख्य कारणहरु के के हुन सक्दछन् ?

.........................................................................................................

.........

4. द्वन्द्वले विद्यालयमा कस्तो परिणाम ल्याएको छ ?

.........................................................................................................

.........

5. द्वन्द्वको व्यवस्थपन कसरी गर्ने गर्नुभएको छ ?

.........................................................................................................

.........

6. द्वन्द्व व्यवस्थपनका सम्पूर्ण प्रयासहरु सफल भएका छन् ? कसरी ?

.........................................................................................................

.........

7. द्वन्द्व व्यवस्थापनका थप प्रयासहरु केही छन् ? के के हुन् ?

.........................................................................................................

.........

8. द्वन्द्वले सधैं सकारात्मक परिणाम ल्याउन सक्छ ?

..........................................................................................................

.........

9. **विद्यालय प्रशासनको तर्फबाट शिक्षक तथा विद्यार्थी बीच द्वन्द्व व्यवस्थापनका लागि के केस्ता प्रयासहरु गर्नु भएको छ ?**

..........................................................................................................

.........

10. **शिक्षक र विद्यार्थी बीचको द्वन्द्वलाई कम गर्नका लागि भावि योजनाहरु के के रहेका छन् ।**

..........................................................................................................

.........

सामुदायिक विद्यालयमा शिक्षक तथा विद्यार्थी बीच द्वन्द्व व्यवस्थापन

अनुसूची ३

विद्यार्थीका लागि तयार पारिएको अन्तरवार्ता प्रश्नावली

नामः

ठेगाना : शैक्षिक योग्यता :

1. **तिमी कति कक्षामा पढ्छौ ?**

..........................................................................................................

.........

2. **अध्ययन गर्दा कस्तो अनुभव प्राप्त गरेका छौ ?**

..........................................................................................................

.........

3. **शिक्षक र विद्यार्थीमा द्वन्द्व बढ्नुका मुख्य कारणहरु के के हुन सक्दछन् ?**

..........................................................................................................

.........

4. **बढ्दो द्वन्द्वले शिक्षक र विद्यार्थी बीचको दुरीमा कस्तो प्रभाव पार्ला ?**

..........................................................................................................

.........

5. **द्वन्द्वको व्यवस्थपन कसरी गर्न सकिएला ?**

..........................................................................................................

.........

6. शिक्षक र विद्यार्थी बीचको द्वन्द्व व्यवस्थापनका लागि कस्तो भूमिका निर्वाह गरेका छौ ?

..........................................................................................................
.........

7. के भएको खण्डमा द्वन्द्वलाई अझ बढी व्यवस्थित गर्न सकिएला ?

..........................................................................................................
.....

8. बढ्दो द्वन्द्वको प्रभाव कस्तो होला जस्तो लाग्छ ?

..........................................................................................................
.....

9. शिक्षक र विद्यार्थी बीचको द्वन्द्वलाई कम गर्नका लागि भावि योजनाहरु के के रहेका छन् ?

..........................................................................................................
.........

सामुदायिक विद्यालयमा शिक्षक तथा विद्यार्थी बीच द्वन्द्व व्यवस्थापन

अनुसूची ४

शिक्षक अभिभावक संघका अध्यक्षका लागि तयार पारिएको अन्तरवार्ता प्रश्नावली

नामः पेशा :

ठेगाना : अनुभवः

शैक्षिक योग्यता :

1. **शिक्षक अभिभावक संघको अध्यक्ष पदमा कहिले देखि सेवारत हुनुहुन्छ ?**

......................................................................................................................

2. **यो पदमा सेवा गर्दा कस्तो अनुभव गर्नु भएको छ ?**

......................................................................................................................

3. **तपाईंको विद्यालयमा शिक्षक विद्यार्थी बीचको द्वन्द्व के कस्तो रहेको छ ?**

..................................................................................................................

4. **द्वन्द्व व्यवस्थापन भन्नाले के बुझ्नु हुन्छ ?**

......................................................................................................................

5. **द्वन्द्व व्यवस्थपन गर्न के के प्रयासहरु गरिएका छन् ?**

......................................................................................................................

6. **द्वन्द्व व्यवस्थापनका लागि गरिएका प्रयासहरु के कस्तो सफल भएका छन् ?**

......................................................................................................................

7. **द्वन्द्व कुन अवस्था सम्म हुनु पर्दछ ? के द्वन्द्वले सधै सकरात्मक परिणाम दिन्छ ?**

......................................................................................................................

8. **शिक्षक र विद्यार्थीका बीचमा बढ्दै गरेको द्वन्द्व व्यवस्थपनमा यहाँको आफ्नो भूमिका कस्तो रहेको छ ?**

...................................................................................................
.........

9. के गर्न सकेको खण्डमा द्वन्द्वलाई अझबढी प्रभावकारी ढङ्गले व्यवस्थापन गर्न सकिन्छ ?

...................................................................................................
.........

10. विद्यालय प्रशासन, शिक्षक र अभिभावकबाट कस्तो सहयोगको अपेक्षा राख्नु भएको छ ?

...................................................................................................
.........

11. द्वन्द्व व्यवस्थापनका लागि कुनै भावि योजनाहरु बनाउनु भएको छ ?

...................................................................................................
.........

सामुदायिक विद्यालयमा शिक्षक तथा विद्यार्थी बीच द्वन्द्व व्यवस्थापन

अनुसूची ५

व्यवस्थापन समितिका अध्यक्षका लागि तयार पारिएको अन्तरवार्ता प्रश्नावली

नामः पेशा :

ठेगाना : अनुभवः

शैक्षिक योग्यता :

1. वि.व्य.स.को अध्यक्ष पदमा कहिले देखि सेवारत हुनुहुन्छ ?

...................................................................................................
.........

2. यो पदमा सेवा गर्दा कस्तो अनुभव गर्नु भएको छ ?

...................................................................................................
.........

3. तपाईंको विद्यालयमा शिक्षक विद्यार्थी बीचको द्वन्द्व के कस्तो रहेको छ ?

...................................................................................................
....

4. द्वन्द्व व्यवस्थापन भन्नाले के बुझ्नु हुन्छ ?

.........................................................................................................

.........

5. द्वन्द्व व्यवस्थपन गर्न के के प्रयासहरु गरिएका छन् ?

.........................................................................................................

.........

6. द्वन्द्व व्यवस्थापनका लागि गरिएका प्रयासहरु के कस्तो सफल भएका छन् ?

.........................................................................................................

.........

7. द्वन्द्व कुन अवस्था सम्म हुनु पर्दछ ?

.........................................................................................................

.........

8. शिक्षक र विद्यार्थीका बीचमा बढ्दै गरेको द्वन्द्व व्यवस्थपनमा विद्यालय समितिको भूमिका कस्तो रहेको छ ?

.........................................................................................................

.........

9. के गर्न सकेको खण्डमा द्वन्द्वलाई अझबढी प्रभावकारी ढङ्गले व्यवस्थापन गर्न सकिन्छ ?

.........................................................................................................

.........